
सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ वैशाख २०८२, मंगलबार (6 May 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक २३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



■ सहकारी ठगी प्रकरणमा सत्ता र शक्तिको प्रभाव

ऋषिकेशपत्नी अञ्जला धरौटीमा, सहकारीमै नजोडिएका रवि जेलमा

डा. नारायण कँडेल, अधिवक्ता



व्यक्तिका अनुहार हेरेर फरक-फरक आदेश भएको महसुस नागरिकले गर्न थालेका छन् । सत्ताको संरक्षण रहेका र अन्यका हकमा देखिने गरी फरक व्यवहार भइरहेको छ । यो राम्रो होइन । यसले न्यायालयप्रति राम्रो सन्देश जाँदैन ।

विराटनगरमा **गणेश लम्साल**

के कसैको राजनीतिक दलसितको आबद्धताले सहकारीमा सर्वसाधारणले बचत गरेको करोडौँ रकम अपचलन गर्नेमाथि हुने व्यवहार फरक हुन्छ ? विधिको शासनसहितको न्याय हुने मुलुकमा यसो हुँदैन । तर, रास्वपा सभापति रवि लामिछाने र एमाले सांसद एवं सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलपत्नी अञ्जला कोइरालाको हकमा फरक व्यवहार भइरहेको देखिन्छ ।

सहकारीका सञ्चालक, व्यवस्थापक, कर्मचारी, सदस्य वा ऋणी केही नभए पनि रवि हाल रुपन्देही कारागारमा पुर्पक्षका लागि थुनामा छन् । तर, प्रधानमन्त्री केपी ओलीको दल एमालेका नेता तथा सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जला भने मोरङको उमागौरी सहकारी अपचलनमा सञ्चालककै हैसियतमा मुछिँदा पनि १० लाख धरौटी बुझाएर बाहिरै छिन् ।

रविलाई चार जिल्लामा चलिरहेको मुद्दामा सबैभन्दा कम ५४ लाख र सबैभन्दा

» पृष्ठ २ मा क्रमशः

■ जिल्लामा उपस्थित भएकै दिन १० लाख धरौटीमा रिहा, उच्चमा धरौटी बढाउने-नबढाउनेमा मात्र राय बाझियो



- सत्तारूढ एमाले नेता तथा लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जला मोरङको उमागौरी सहकारीमा सञ्चालक हुँदा उनको समेत हस्ताक्षरमा २२ करोड ४८ लाख हिनामिना भयो । पीडितहरूले डेढ वर्षअघि नै प्रदेश सहकारी रजिस्ट्रार कार्यालयमा उजुरी दिए पनि लामो समय सुनुवाइ नै गरेन । मिडियामार्फत दबाब भएपछि सुरुमा अञ्जलाको नाम काटेर प्रहरीकहाँ पठाइयो । त्यसको पनि विरोध भएपछि २८ मंसिरमा बल्ल मुद्दा चलायो ।
- प्रहरीले सरकारी वकिल कार्यालयमार्फत अञ्जला कोइरालालाई सहकारी ठगी कसुरमा मात्रै मुद्दा चलायो ।
- शिक्षिका रहेकी अञ्जलामाथि मुद्दा चलेपछि उल्टै उनका श्रीमान् ऋषिकेशले स्कुललाई लामो बिदा स्वीकृत गर्न दबाब दिए । प्रहरीले अञ्जलालाई पक्राउ गरेर अनुसन्धान गर्नु त परको कुरा, बयानसमेत लिएन । उनी घरमै थिइन्, प्रहरीले फरार भन्दै जोगाइरह्यो ।
- सबै 'तालमेल' मिलाइसकेपछि २४ पुसमा अञ्जला मोरङ जिल्ला अदालतमा उपस्थित भइन् । रोचक कुरा, उनी त्यही दिन उपस्थित भइन्, त्यही दिन इजलास तोकेर बयान भयो र त्यही दिन १० लाख धरौटीमा रिहा भइन् ।
- सत्ताको आडमा उन्मुक्ति दिन खोजिएको भन्दै नागरिक तहमा त्यसको पनि आलोचना भएपछि सरकारी वकिल कार्यालय पुनरावलोकनका लागि २५ फागुनमा उच्च अदालत विराटनगर गयो ।
- गत ११ वैशाखमा उच्च अदालतको संयुक्त इजलासमा त्यसमाथि सुनुवाइ भयो । तर, पुर्पक्षका लागि थुनामा पठाउन होइन, जिल्लाले दिएको आदेश सदर गर्ने वा धरौटी बढाउनेमा मात्रै न्यायाधीशको राय बाझियो ।

■ जिल्ला घुमाउँदै ८४ दिनको हिरासतपछि करोडसम्म धरौटी मागेर जिल्लाबाट रिहा, उच्चले फेरि थुनामै पठायो



- सहकारीमा सञ्चालक, व्यवस्थापक, कर्मचारी, सदस्य वा ऋणी केही नभए पनि रास्वपा सभापति रवि लामिछानेविरुद्ध उजुरी परेकै आधारमा प्रहरीले पक्राउ गरेरै छानबिन थाल्यो । त्यति मात्र होइन, पोखरा, चितवन, बुटवल, काठमाडौं र पर्सा घुमाउँदै ८४ दिनसम्म हिरासतमै राख्यो । अनुसन्धानका नाममा मध्यरातमा चितवन-पोखरा ठाउँ सारी गर्नेदेखि दुर्व्यवहार गर्दै मानसिक यातना दिनेसम्मका काम प्रहरीले गऱ्यो ।
- प्रत्यक्ष नजोडिएको भए पनि सहकारीबाट रवि पहिला कार्यरत गोर्खा मिडियामा आएको रकमको चेक काटेर खर्च गरेकै आधारमा सहकारी ठगी मात्र होइन, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दासमेत चलायो ।
- मुद्दा चलाइएका कास्की, काठमाडौं, रुपन्देही र चितवन जिल्ला अदालतबाट रवि धरौटीमा रिहा भए । तर, ५४ लाखदेखि एक करोडसम्म धरौटी लिएर मात्र उनलाई छाडियो ।
- ठगीमा प्रत्यक्ष कहीं नजोडिएकाले साधारण तारेखमा रिहा हुनुपर्नेमा ठुलो रकम धरौटी माग्ने आदेशले आफू थप अन्यायमा परेको भन्दै रवि उच्च अदालत गए । सरकारलाई रवि धरौटीमा छुटेकै मन परेको थिएन । सरकारी वकिल उल्टै उनलाई थुनामै राख्नुपर्ने माग गर्दै उच्च अदालत गए ।
- सरकारी पक्षको मागअनुसार गत २२ चैतमा उच्च अदालत तुलसीपुर (बुटवल इजलास)ले रविलाई पुर्पक्षका लागि थुनामै पठाउने आदेश गऱ्यो । जसअनुसार उनी अहिले रुपन्देही कारागारमा छन् ।
- उच्च अदालतको बुटवल इजलासका न्यायाधीशद्वय रमेश ढकाल र स्वीकृति पराजुलीले गरेको आदेश पनि 'शंकास्पद' थियो । रविलाई थुनामा पठाउने आदेशमा धेरै प्याराग्राफ जबर्जस्ती करणीको मुद्दामा क्रिकेटर सन्दीप लामिछानेलाई सफाइ दिएको आदेशको 'कपी-पेस्ट' थियो । सन्दीपको फैसलामा पनि आदेश गर्ने एक न्यायाधीश ढकालले नै थिए । रविको आदेश सुरुमा 'जिल्लाको सदर' भनेर वेबसाइटमा राखिएको थियो । तर, त्यसलाई तुरुन्तै हटाएर पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरिएको राखियो ।

■ संसद्मा प्रतिपक्षी दलका नेता प्रचण्डको दाबी

सरकार बिचौलियाको नियन्त्रणमा छ

०४७ पछिका सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन गर्न माग



भ्रष्टाचारविरुद्धको कारबाही रोकिएकोमा चिन्ता

कमलराज भट्ट/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल माओवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार जनताको सेवाभन्दा स्वार्थ समूह र बिचौलियाको नियन्त्रणमा चलेको टिप्पणी गरेका छन् । नीति तथा कार्यक्रममाथिको छलफलमा सोमबार प्रतिनिधिसभालाई सम्बोधन गर्दै उनले सरकार बिचौलियाप्रति समर्पित रहेको बताए ।

'मैले यसअघि संसद्मा सरकारलाई खबरदारी गर्दै भनेको थिएँ- जनताप्रति सरकारको हदैसम्म गैरजिम्मेवारी, तर बिचौलिया र स्वार्थ समूहको खुला तरफदारीले देश आक्रोशित छ । सत्तापक्षका मान्छेलाई कानुन मिच्न होइन, कानुन नै खान दिएको देखेर देश विचलित छ,' उनले भने, 'उद्योगीबाट बिजुलीको अर्बौं बक्यौता उठाउनै नखोजेको, तर भुइँमान्छेका घरको लाइन काटेको देखेर देश पनि रन्थनिएको छ । त्यो आवेग र आक्रोश आज सामाजिक सञ्जालमा सीमित छ । तर, मलाई चिन्ता छ, भोलि त्यो सडकमा पोखिन सक्छ । यही सत्य स्वीकार गरेर सरकार सुध्रियोस् ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नीति कार्यक्रममा प्रश्नैप्रश्न

राम्रा आयोजना पन्छाएर भ्युटावर र पानीजहाज प्राथमिकतामा ?

पूर्व-पश्चिम र उत्तर-दक्षिण सडकमार्ग, रेलमार्ग, सिँचाइ आयोजना, जलविद्युत्का कैयन माइलस्टोन परियोजना, अन्तर्राष्ट्रिय विमानस्थलजस्ता देश विकासको आधार तयार गर्ने आयोजनाहरूलाई पन्छ्याएर भ्युटावर र पानीजहाजका आयोजनालाई प्राथमिकता दिएर कस्तो समृद्धि हासिल गर्न खोजेको हो सरकारले ? राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनमा देखिएका समस्या पहिचान गरी नयाँ कार्ययोजना ल्याउन केले रोकेको हो दुईतिहाइको सरकारलाई ? कतै यी आयोजनाहरू सम्पन्न भएमा माओवादीलगायत विपक्षी पार्टीहरूले जस पाउँछन् भन्ने संकीर्णता र पूर्वाग्रहले त काम गरेन ?

कृषिका कार्यक्रम किन हटाइयो ?

गत वर्ष प्रस्तावित उत्पादन र रोजगारका लागि साझेदारी कार्यक्रम, किसान सूचीकरण र कृषि सेवा सहुलियतलाई किसान परिचयपत्रसँग आबद्धता गर्ने कार्यक्रम, जडीबुटी र प्राकृतिक स्रोतमा आधारित हिमाल समृद्धि उद्यमशीलता कार्यक्रमलाई किन अघि बढाइएन ? प्रत्येक प्रदेशमा एक हजार गाईभैंसी पालन हुने गरी स्रोत केन्द्र विकासको कार्यक्रम किन गायब पारियो ? कृषि क्षेत्रमा युवाहरूलाई आकर्षित गर्न वडास्तरमा नै नमुना फार्म स्थापनाको कार्यक्रम किन काटियो ? एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम किन समेटिएन ?


दलित प्राधिकरण कहाँ हरायो ?

मैले यो सरकार बन्दा भनेको थिएँ- मसँग बदला लिने निहुँमा दलित, महिला, श्रमिक समुदायका पक्षमा, घाइते अपांगका पक्षमा मेरो नेतृत्वको सरकारबाट बजेटमार्फत अघि सारिएका कार्यक्रमहरू नच्यातियोस् । विडम्बनाको कुरा, तपाईंहरूले यो १० महिनामा ती सबै कार्यक्रम त च्यात्नुभो-च्यात्नुभो, अहिले नीति तथा कार्यक्रमसम्म आइपुग्दा तिनीहरूको शीर्षक नै डिलिट गरिदिनुभयो । दुईतिहाइको चश्माले अघिल्लो सरकारले व्यापक छलफलपछि अघि सारेको अधिकारसम्पन्न दलित विकास प्राधिकरण देखेन । कार्यक्रमबाटै हटाउनुभयो ।

» पृष्ठ २ मा क्रमशः

सामाजिक सञ्जाल सूचीकृत गर्न सरकारको तेस्रो प्रयास

सम्पर्कमै आएनन् मेटा र एक्स



टेकराज थामी/नयाँ पत्रिका

सामाजिक सञ्जाल प्लाटफर्मलाई सूचीकृत गराउने सरकारको दुईपटकको प्रयास असफल भएको छ । पटक-पटकको सूचनापछि पनि प्लाटफर्म सञ्चालक सूचीकरण गर्न तयार छैनन् । सञ्चार मन्त्रालयले पुनः अर्को सूचना प्रकाशन गरेको छ । तेस्रोपटकको सूचनामा भने अवधि तोकिएको छैन ।

यसअघि प्रकाशन गरिएको सूचनामा एक महिनाभित्र सूचीकरण गर्न निर्देशन दिइएको थियो । सञ्चार मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले केही सामाजिक सञ्जाल सूचीकरणमा सहभागी नभएको बताए । 'मुलुकभित्र सञ्चालनमा रहेका सामाजिक सञ्जाललाई सूचीकृत हुन पटक-पटक आग्रह गर्‍यौं । प्रत्येक प्लाटफर्मलाई इमेल पनि पठायौं । तर, उहाँहरू छलफल गर्नसमेत आउनुभएको छैन । हामीले पुनः अर्को सूचना प्रकाशन गरेका छौं । उहाँहरूलाई

» पृष्ठ २ मा क्रमशः

छलफलमा ल्याउने प्रयास जारी छ



● **गजेन्द्र ठाकुर**, प्रवक्ता, सञ्चार मन्त्रालय

मेटा र एक्सका प्रतिनिधिहरूलाई छलफलमा ल्याउने प्रयास जारी छ । हामीले सूचीकृतको प्रयास मात्रै गरेका हौं । कुनै पनि प्लाटफर्मलाई दर्ता हुन भनेका होइनौं । यसका लागि प्लाटफर्मका कुनै प्रतिनिधि वा प्लाटफर्मले तोकेको कुनै कम्पनी मन्त्रालयमा आए हुन्छ । आउन नसकिने भए अनलाइनबाटै पनि फार्म भर्न सकिने व्यवस्था गरेका छौं । तैपनि उहाँहरू नआउनुको कारण बुझ्न सकिएको छैन ।

■ टिकटक, भाइबर सूचीकृत

सञ्चार मन्त्रालयका अनुसार हालसम्म टिकटक, निम्बज, विटक र भाइबरलगायतका सामाजिक सञ्जाल प्लाटफर्म सूचीकृत भएका छन् । नेपालमा सञ्चालन हुनेमध्ये सबैभन्दा ठुलो हिस्सा मेटा कम्पनीको छ । मेटामार्फत फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप नामका सामाजिक प्लाटफर्म सञ्चालनमा छन् । जसमध्ये नेपालमा सबैभन्दा लोकप्रिय फेसबुक छ । फेसबुकको नेपालमा ९२.६५ प्रतिशत पहुँच छ । ट्विटर (एक्स) ४.१ प्रतिशत नेपालीले चलाउँछन् । युट्युब सञ्चालन गर्ने २.४३ प्रतिशत छन् । इन्स्टा चलाउने ०.३४ प्रतिशत छन् भने लिंक दिनको ०.२६ प्रतिशत, पिन्टरेस्टको ०.१३ प्रतिशत हिस्सा छ । मन्त्रालयका अनुसार फेसबुकले मात्रै प्रत्येक वर्ष नेपालबाट कम्तीमा एक अर्ब रुपैयाँ लैजान्छ ।

पाण्डे र तिम्सेना निलम्बन फुकुवा प्रस्तावमा छलफल गर्न ओलीको आलटाल



आइतबारको सचिवालय बैठकमा महासचिव शंकर पोखरेलले निलम्बन फुकुवाको विषय प्रवेश गराए, ओलीले पछि गरौंला भन्दै टारे

(विस्तृत पृष्ठ ३)

लक्ष्यअनुसार राजस्व नउठेपछि सरकारले काट्यो प्रदेश र स्थानीय तहको अनुदान

● महालेखा नियन्त्रक डा. गणेशप्रसाद पाण्डेय भन्छन्, 'भाँडामै नभएपछि कसरी दिने त ?'

● गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेको चेतावनी, 'कटौती गरे सर्वोच्च जान बाध्य हुन्छौं'

(विस्तृत पृष्ठ ५)

■ नेपालगन्ज यातायातमा संगठित सेटिङ

पक्राउ परेका कर्मचारीको मन्त्रीको सचिवालयसँग भेटियो लेनदेन



● **राजेन्द्रप्रसाद पौडेल**, प्रवक्ता, अख्तियार

नेपालगन्ज यातायात कार्यालयमा फेल भएकालाई पास गराएर लाइसेन्स दिने गरिएको उजुरीका आधारमा चारजनालाई पक्राउ गरिएको घटनामा विस्तृत अनुसन्धान चलिरहेको छ । अन्डरकभर अपरेसनअन्तर्गत प्रमाण संकलन गरेर पक्राउ गरिएको हो । यसमा उनीहरूको नेटवर्कमा रहेका व्यक्तिहरूमाथि पनि अनुसन्धान भइरहेको छ ।

नयाँ पत्रिका

यातायात कार्यालय नेपालगन्जमा हुने लाइसेन्सको सेटिङ संगठित प्रकृतिको देखिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चारजनालाई पक्राउ गरी अनुसन्धान गर्दा उच्च तहको मिलेमतोको प्रमाण भेटिएको छ ।

आयोगले गत २७ चैतमा गुप्त अनुसन्धान कारबाही (अन्डरकभर अपरेसन) विधिमार्फत यातायात व्यवस्था कार्यालय नेपालगन्जमा

» पृष्ठ २ मा क्रमशः

■ मन्त्रीको सचिवालय पनि छानबिनमा



प्रचण्डविक्रम न्यौपाने
यातायातमन्त्री, लुम्बिनी

यातायात कार्यालय, नेपालगन्जको लाइसेन्स सेटिङमा लुम्बिनी प्रदेशको यातायात मन्त्रालयसमेत मुछिएको छ । मन्त्रालयकै मिलेमतोमा यातायात कार्यालयहरूबाट लाइसेन्स बिक्री हुँदै आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

एकातर्फ पक्राउ परेका कर्मचारीसँग यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेको सचिवालयका कर्मचारीको आर्थिक लेनदेन भेटिएको र अर्कोतर्फ परीक्षा फेरबदललाई सहज हुने गरी मन्त्रालयले सघाएको पाइएको हो । विगतमा ट्रायलको नतिजा तत्कालै प्रकाशन हुनेमा पछिल्लो समय नाम थप्नका लागि केही दिनपछि मात्र प्रकाशन हुन थालेको छ । त्यही मौकामा परीक्षा नै नदिएका र दिएर पनि फेल भएकालाई समावेश गरी नतिजा प्रकाशन गरी लाइसेन्स बिक्री हुने गरेको हो । आयोगले पक्राउ परेकाहरूसँग लेनदेन देखिएका मन्त्रालयका कर्मचारी तथा केही नेताहरूसँग सोधपुछ गरिरहेको छ । पक्राउ परेकाहरूसँग मन्त्रीका एक पिएको अस्वाभाविक सम्पर्क देखिएको आयोग स्रोत बताउँछ ।

प्रिसा मृत्युबारे सरकारलाई सभामुखको रुलिङ

भारतसँग उच्च तहमा कूटनीतिक संवाद अघि बढाउनू

विदेशमा अध्ययनरत विद्यार्थीको आवश्यक सुरक्षा मिलाउनू



प्रतिनिधिसभाको सोमबारको बैठकमा सभामुख देवराज घिमिरेले सरकारलाई रुलिङ गर्दै भने-

किटमा अध्ययनरत नेपाली विद्यार्थी प्रिसा साहको निधनबारे माननीय सदस्यहरूले आकस्मिक समयमा उठाउनुभएको विषयमा सदनको गम्भीर ध्यानाकर्षण भएको छ । उज्यालो भविष्यका सपना बोकेर अध्ययनका लागि बिदेसिएका विद्यार्थीको एकपछि अर्को रहस्यमय मृत्युको घटना राष्ट्रको संवेदनशीलता र जिम्मेवारीसँग जोडिएको गम्भीर प्रश्न पनि हो । सरकारलाई यस घटनाप्रति गहिरो चासो लिँदै सत्यतथ्य पत्ता लगाउन भारत सरकारसँग उच्च तहमा कूटनीतिक संवाद अघि बढाउन र परिवारलाई आवश्यक न्यायिक सहयोग गर्न निर्देश गर्दछु ।



प्रिसा साह

काठमाडौं/ सभामुख देवराज घिमिरेले भारतको ओडिसा भुवनेश्वरस्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रिसा साहको मृत्युबारे सत्यतथ्य पत्ता लगाउन भारत सरकारसँग उच्च तहमा कूटनीतिक संवाद अघि बढाउन र परिवारलाई आवश्यक न्यायिक सहयोग गर्न

» पृष्ठ २ मा क्रमशः

सम्पर्कमै...

पृष्ठ १ बाट क्रमशः

छलफलमा ल्याउने प्रयास जारी छ,' उनले भने ।

सरकारले नेपालभित्र सञ्चालनमा रहेका सामाजिक सञ्जाललाई व्यवस्थित बनाउन सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, ०८० निर्माण गरेको थियो । सोही निर्देशिकाका आधारमा मन्त्रालयले सूचीकृतका निम्ति गत २१ माघमा पहिलोपटक सूचना प्रकाशित गरेको थियो । दुई महिना गुज्रिँदा पनि सूचीकृत हुन नआएपछि मन्त्रालयले पुनः गत ७ चैतमा अर्को सूचना निकालेको थियो । सूचनामा सूचीकृत हुन ३० दिनको समय दिइएको थियो । प्रत्येक प्लाटफर्म सञ्चालकलाई सूचीकृतका निम्ति मन्त्रालयले इमेल पठाएको थियो । तर, यसपटक पनि प्लाटफर्म सूचीकृत हुन आएनन् । मन्त्रालयले सूचीकृतका लागि आइतबार पुनः सूचना प्रकाशन गरेको छ । यो मन्त्रालयले प्रकाशन गरेको तेस्रोपटकको सूचना हो । यसपटक भने अवधि तोकिएको छैन ।

'हामीले सूचीकृतको प्रयास मात्रै गरेका हौँ । कुनै पनि प्लाटफर्मलाई दर्ता हुन भनेका होइनौँ । यसका लागि प्लाटफर्मका कुनै प्रतिनिधि वा प्लाटफर्मले तोकेको कुनै कम्पनी मन्त्रालयमा आए हुन्छ । आउन नसकिने भए अनलाइनबाटै पनि फार्म भर्न सकिने व्यवस्था गरेका छौँ । तर, पनि उहाँहरू नआउनुको कारण बुझ्न सकिएको छैन,' ठाकुरले भने ।

निर्देशिकाको दफा ३ मा सामाजिक सञ्जाल प्लाटफर्म सूचीकरणको व्यवस्था गरिएको छ । निर्देशिकाको दफा ३ मा निर्देशिका कार्यान्वयन भएको तीन महिनाभित्र सामाजिक सञ्जाल प्लाटफर्म अनिवार्य रूपमा सूचीकृत हुनुपर्ने भनिएको छ । र, सूचीकृत नभएका सामाजिक सञ्जाललाई सञ्चालनमा रोक लगाउन सकिने व्यवस्था गरिएको छ ।

'निर्देशिका प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लाटफर्म यो निर्देशिका प्रारम्भ भएको मितिले तीन महिनाभित्र मन्त्रालयमा सूचीकृत हुनुपर्नेछ । सूचीकृत नभएका सामाजिक सञ्जाल प्लाटफर्मलाई मन्त्रालयले नेपालभित्र सञ्चालनमा रोक लगाउन सक्नेछ,' निर्देशिकाको दफा ३ को उपदफा ३ र ७ मा भनिएको छ । तर, सरकारले सञ्चालनमा रहेका सामाजिक सञ्जाललाई तत्काल सञ्चालनमा रोक भने लगाएको छैन । मन्त्रालयका प्रवक्ता ठाकुरले कानुनमा रोक लगाउने व्यवस्था भए पनि सञ्चालनमा रहेका प्लाटफर्मलाई तत्काल रोक लगाउने मनस्थितिमा भने सरकार नरहेको बताए ।

ऋषिकेशपत्नी...

पृष्ठ १ बाट क्रमशः

बढी एक करोड धरौटी माग गरिएको थियो । उच्च अदालत तुलसीपुर, बुटवल इजलासले त उनलाई पुर्पक्षका लागि थुनामै पठाउने आदेश गर्‍यो । सहकारीबाट गोर्खा मिडियामा आएको रकम चेक काटेर खर्च गरेकै आधारमा उनीविरुद्ध सहकारी ठगी मात्र होइन, सम्पत्ति शुद्धीकरण र सहकारी ठगीको मुद्दासमेत लगाइएको छ । तर, सञ्चालक छँदा उमागौरीको २२ करोड ठगीमा मुछिएकी अञ्जला भने धरौटीमा छाड्ने प्रक्रिया पनि 'फास्ट ट्र्याक'मा भयो । घरमै रहे पनि फरार भनेर प्रहरीले उनलाई उन्मुक्ति दिएको थियो । मुद्दा बुझाइएकै दिन अदालतमा उपस्थित उनको सोही दिन बयान र थुनछेक बहस सकाएर धरौटीमा छाड्न आदेश भएको थियो । जबकि रवि भने कास्कीमा ८४ दिन थुनामा रहेपछि बल्ल धरौटीमा रिहा भएका थिए ।

अञ्जलाका सम्बन्धमा जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालत विराटनगरमा परेको निवेदनमा समेत दुई न्यायाधीशबिच थुनामा पठाउने कि नपठाउने भन्ने सम्बन्धमा होइन, धरौटी रकम बढाउने कि नबढाउने भन्ने विषयमा मात्र राय बाझियो । गत ११ वैशाखमा उच्च अदालतका न्यायाधीश श्रीधराकुमारी पुडासैनी र केशवप्रसाद बाँस्तोलाबिच राय बाझिएको थियो । न्यायाधीश पुडासैनीले जिल्ला अदालतको १० लाख धरौटी आदेशलाई सदर गर्नुपर्ने राय दिएकी थिइन् भने न्यायाधीश बाँस्तोलाले अञ्जलासित एक करोड धरौटी माग्नुपर्ने राय दिएका थिए । दुई न्यायाधीशबिच राय बाझिएपछि यो मुद्दा अब तेस्रो न्यायाधीशको इजलासमा २५ वैशाखमा पेस हुनेछ । तेस्रो न्यायाधीशले पुडासैनीको रायमा सहमति जनाए जिल्ला अदालतकै १० लाख धरौटी सदर हुनेछ भने बाँस्तोलाको रायमा सहमति जनाए ९० लाख थप धरौटी जम्मा गर्नुपर्नेछ ।

०६८ मा स्थापना भएको उमागौरी कृषि सहकारी संस्थामा अञ्जलाले दुई कार्यकालसम्म सदस्यका रूपमा जिम्मेवारी सम्हालेकी थिइन् । सहकारीमार्फत भएको ठगी प्रकरणमा अञ्जलासहित २६ जनामाथि गत २७ मंसिरमा जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको थियो । त्यसपछि पुस २ गते अदालतले उनीहरूमध्ये १० जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । अदालतले सात दिनभित्र हाजिर हुन आदेश दिएको भए पनि अञ्जला तीन हप्तापछि मात्र २४ पुसमा अदालतमा उपस्थित भएकी थिइन् । तीन सातासम्म फरार उनी अदालत पुगेकै दिन न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले थुनछेक बहस सकेर १० लाख धरौटीमा रिहा गर्न आदेश दिएको थियो ।

यसरी करोडौँ हिनामिनामा संलग्न सहकारीका सञ्चालकहरू न्यूनतम धरौटीमा छुटिरहँदा सहकारीसँग कुनै सम्बन्ध नै नभएका रवि भने पुर्पक्षका लागि रुपन्देही कारागारमा छन् । सहकारीबाट गोर्खा मिडियामा आएको रकम चेक काटेर खर्च गरेकै आधारमा उनीविरुद्ध सहकारी ठगी मात्र होइन, सम्पत्ति शुद्धीकरण र सहकारी ठगीको मुद्दासमेत लगाइएको छ । जिबी राईको समूहले सञ्चालन गरेका सहकारीको हिनामिनामा पाँच जिल्ला घुमाएर मुद्दा दायर गरिएकोमा उच्च अदालत तुलसीपुर (बुटवल इजलास)ले २२ चैतमा थुनामा राख्न आदेश दिएको थियो ।

जिबी राईका सहकारीमा रवि सञ्चालक तथा ऋणी छैनन् । राईले गोर्खा मिडिया नेटवर्कमा आफ्ना सहकारीबाट ल्याएको रकम कर्मचारीको तलबलगायत खर्चका लागि प्रबन्ध निर्देशकका हैसियतमा रविले चेक काटेका थिए । सोही अभियोगमा जिबीका सबै सहकारीको ठगीको अभियोग रविमाथि लगाइएको छ । गोर्खा मिडियामा जिबीको साझेदार भएकै आधारमा उनलाई मुख्य प्रतिवादी बनाइएको छ । जबकि सहकारीबाट गोर्खा मिडियामा पैसा लैजाने प्रक्रियामा उनको कुनै संलग्नता अनुसन्धानमा देखिएको छैन । जिबी राईसहित सहकारीका मुख्य सञ्चालकहरू भने फरार छन् । सहकारीको रकमबाट खरिद गरिएका सम्पत्तिको खोजीमा समेत चासो नदिँदा पीडितहरूले आफ्नो बचत फिर्ता पाउन सकेका छैनन् ।

राजनीतिक आवद्धता र व्यक्तिका अनुहार हेरेर आउने आदेशले न्यायालयकै शाख खस्काउने कानुनका जानकारहरू बताउँछन् । 'व्यक्तिका अनुहार हेरेर फरक-फरक आदेश भएको महसुस नागरिकले गर्न थालेका छन् । सत्ताको संरक्षण रहेका र अन्यका हकमा देखिने गरि फरक व्यवहार भइरहेको भइरहेको छ । यो राम्रो होइन,' अधिवक्ता डा. नारायण कँडेलले भन्छन् 'यसले न्यायालयप्रति राम्रो सन्देश जाँदैन ।'

अञ्जलाको फैसलाबारे उच्चका दुई न्यायाधीशको बाझिएको राय

न्यायाधीश **श्रीधराकुमारी पुडासैनी**

निवेदक प्रतिवादी अञ्जला कोइरालाको हकमा हेर्दा निज निवेदक उक्त संस्थाको सञ्चालक समितिको सदस्यका रूपमा ०७३/०९/०२ को पाँचौं वार्षिक साधारणसभाबाट सञ्चालक समितिको सदस्यमा निर्वाचित भई ०७८/१०/१५ को दसौं वार्षिक साधारणसभाले निज प्रतिवादीलाई संस्थामा रही काम गरेको अवधिमा बैंक तथा वित्तीय संस्था र व्यक्तिहरूसँग भएका कतिपय वित्तीय कारोबारमा कुनै दायित्व नरहने गरी निजले पेस गरेको राजीनामा स्वीकृत गर्ने निर्णय भएकाले भन्ने मिसिल संलग्न कागजातबाट देखिएको, निज प्रतिवादी मौकामा फरार रही अदालतसमक्ष उपस्थित भई बयान गर्दा आफूले संस्थाको कुनै पनि निर्णयमा अदालतबाट भएको आदेश बेरितको नदेखिनुका साथै निवेदनमा उल्लेखित अन्य प्रतिवादीहरू लक्ष्मीदेवी कार्की राजवंशीको हकमा ०८१/१०/०३ मा ५० हजार, सुमन लोहनीको हकमा ०८१/१०/१० मा दुई लाख, मनोजकुमार सोनीको हकमा ०८१/१०/३० मा एक लाख धरौटी लिई मुद्दा पुर्पक्ष गर्ने गरी भएको आदेश मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट अभियोजित कसुरमा हुन सक्ने निज प्रतिवादीहरूको संलग्नतासमेतलाई विचार गरी भएको देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई उक्त आदेश परिवर्तन गरिरहनुपरेन । कानुनबमोजिम गर्नू ।

न्यायाधीश **केशवप्रसाद बाँस्तोला**

प्रतिवादीमध्ये उमागौरी सहकारी सञ्चालक समिति सदस्य तथा पदाधिकारीको रूपमा काम गर्ने प्रतिवादीहरूको कसुरमा हुन सक्ने संलग्नतालाई विचार गरी जिल्ला अदालतबाट एकरूपको आदेश भएको नदेखिँदा प्रतिवादीमध्येका रोशन राजवंशी, अञ्जला कोइराला, ज्योति बाँस्कोटा र सन्तलाल खवासको हकमा अभियोगपत्रमा उल्लेखित बिगोलाई समेत विचार गरी जनही एक करोड र अन्य प्रतिवादीहरू लक्ष्मीदेवी कार्की राजवंशी, सुमन लोहनी र मनोजकुमार सोनीको हकमा जनही २५ लाख नगद, बैंक वा जेथा जमानत दिए लिई निज प्रतिवादीहरूलाई तारेखमा राखी मुद्दा पुर्पक्ष गर्नू र सो धरौटी दिन नसके कानुनबमोजिम मुद्दाको पुर्पक्ष गर्नू । माननीय न्यायाधीश श्रीधराकुमारी पुडासैनीको रायसँग सो हदसम्म म सहमत हुन नसकेको हुँदा प्रस्तुत निवेदनहरू सुनुवाइका लागि तेस्रो न्यायाधीशको इजलाससमक्ष पेस गर्नू ।

Sahas Urja Ltd.

SAHAS URJA

Kathmandu-01, Hattisar

Unaudited Statement of Financial Position
As on 31st Chaitra, 2081 (i.e. 13th April, 2025) 3rd Quarter FY 2081/82

Amount In NRs.

Particulars	FY 2081/82 3rd Quarter Ending	FY 2081/82 2nd Quarter Ending	FY 2080/81 3rd Quarter Ending
Assets			
Non-Current Assets			
Property, Plant and Equipments	285,796,775	155,328,520	144,148,350
Less: Accumulated Depreciation	(110,239,629)	(106,572,608)	(95,631,031)
Total Property, Plant and Equipments	**175,557,146**	**48,755,912**	**48,517,319**
Computer Software	317,020	317,020	317,020
Less: Accumulated Amortization	(294,520)	(294,520)	(292,588)
Project Cost	16,814,101,108	16,813,740,288	16,638,113,128
Less: Accumulated Amortization	(1,281,967,631)	(1,131,390,745)	(673,027,457)
Total Intangible Assets	**15,532,155,977**	**15,682,372,044**	**15,965,110,102**
Project Development Cost (BGHEP)	42,060,957	31,554,906	-
Prepayments	6,438,650	6,222,498	35,702,163
Right of Use Assets	16,076,770	-	2,171,495
Investment in Associates	931,590,913	800,000,000	-
Total Non Current Assets	**16,703,880,413**	**16,568,905,360**	**16,051,501,079**
Current Assets			
Other Current Assets	717,069,822	625,508,311	493,729,835
Cash And Cash Equivalents	309,580,820	504,680,078	144,122,502
Financial Assets held at fair value through Profit or Loss	7,320,400	7,320,400	313,845,400
Total Current Assets	**1,033,971,042**	**1,137,508,789**	**951,697,737**
Total Assets	**17,737,851,455**	**17,706,414,148**	**17,003,198,816**
Equity & Liabilities			
Shareholder's Fund			
Share Capital	3,780,000,000	3,780,000,000	3,500,000,000
Reserve and Accumulated Profit/(Loss)	3,101,183,848	2,977,180,195	2,623,424,250
Total Shareholder's Fund	**6,881,183,848**	**6,757,180,195**	**6,123,424,250**
Revaluation Surplus	**5,396,290**	**5,396,290**	**5,396,290**
Non Current Liabilities			
Medium & Long Term Loan	8,681,414,895	8,914,672,121	10,310,637,795
Total Non Current Liabilities	**8,681,414,895**	**8,914,672,121**	**10,310,637,795**
Current Liabilities			
Accounts Payables	39,096,757	17,013,128	23,213,102
Provisions	26,115,665	22,356,552	-
Withholding & Retentions	51,631,674	51,631,674	63,260,433
Bridge Gap Loan	2,053,012,326	1,938,164,188	477,266,947
Total Current Liabilities	**2,169,856,422**	**2,029,165,543**	**563,740,481**
Total Equity & Liabilities	**17,737,851,455**	**17,706,414,148**	**17,003,198,816**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the Period from 1st Shrawan 2081 to 31st Chaitra 2081 (i.e. 16th July, 2024 to 13th April, 2025)

Particulars	FY 2081/82 3rd Quarter Ending	FY 2081/82 2nd Quarter Ending	FY 2080/81 3rd Quarter Ending
Revenue from Sale of Electricity	**2,143,520,425**	**1,615,657,719**	**2,025,271,361**
Less: Direct Expenses	(136,073,361)	(94,478,018)	(90,228,890)
Less: Amortisation of Project Cost	(455,056,043)	(304,479,157)	(448,437,955)
Gross Profit	**1,552,391,021**	**1,216,700,545**	**1,486,604,516**
Add: Other Income	3,330,574	1,889,562	-
Total Income	**1,555,721,595**	**1,218,590,107**	**1,486,604,516**
Less: Administrative Expenses	(57,501,588)	(41,258,847)	(71,750,286)
Less: Depreciation	(11,022,462)	(7,355,440)	(10,103,416)
Operating Profit/(Loss)	**1,487,197,545**	**1,169,975,820**	**1,404,750,814**
Finance income	-	-	-
Finance costs	(629,819,539)	(440,661,580)	(916,802,022)
Net Finance Cost	(629,819,539)	(440,661,580)	(916,802,022)
Profit Before Tax and Staff Bonus	**857,378,006**	**729,314,240**	**487,948,792**
Staff Bonus	(17,147,560)	(14,586,285)	(9,758,976)
Provision for Corporate Social Responsibility	(6,042,959)	(4,845,121)	-
Profit Before Tax	**834,187,487**	**709,882,834**	**478,189,816**
Deferred Tax - Surplus (Expenses)	-	-	-
Income Tax Expenses	-	-	-
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**834,187,487**	**709,882,834**	**478,189,816**

Notes : The Financial Statements are prepared as per the Nepal Financial Reporting Standards (NFRS).

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ को अनुसुचि-१४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित

आ. व. २०८१/०८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तिय विवरण**

(क) **त्रैमासिक अवधिको वासलात नाफा नोकसान विवरण :**
यस साहस उर्जा लि. को उपरोक्त त्रैमासिक अवधि सम्मको अपरिस्कृत वासलात र नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ ।

(ख) **प्रमुख वित्तिय अनुपातहरू/परिसुचकहरू :**

प्रति शेयर आम्दानी (वार्षिककिरण गरिएको)	२९.४२	पी.इ. रेसियो (वार्षिककिरण गरिएको)	१७.०३
प्रति शेयर नेटवर्थ	१८२.१८	तरलता अनुपात	०.४८
प्रति शेयर कुल सम्पतिको मुल्य	४६९.२६		

२) **व्यवस्थापकिय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण**
समिक्षा अवधीमा परियोजनाबाट निरन्तर विद्युत उत्पादन भईरहेकोमा नदि प्रवाहमा क्रमीक रुपमा आएको कमीको कारण उत्पादनमा पनि सोही अनुपातमा कमी भएकोमा समिक्षा अवधीको विद्युत उत्पादनमा कमी आएको । उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले सम्पन्न PPA बमोजिम खरिद तथा भुक्तानी प्राप्त भईरहेको छ ।

(ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरण**
कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभाले नयाँ परियोजना बुढीगण्डकी जलविद्युत आयोजना ३४१ मे.वा. (PROR Type) मा लगानी गर्ने निर्णय अनुमोदन गरेको तथा सोही निर्णय कार्यन्वयनको क्रममा उक्त नयाँ परियोजनाको विकासको लागि विविध कार्यहरू अगाडी वढाइएको । साथै परियोजना स्थलमा कर्मचारीहरू परिचालन गरीएको ।

३) **कानुनी कारवाही सम्बन्धी विवरण:**
क) यस अवधिमा कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर नभएको ।
ख) कम्पनीको संस्थापक वा संचालकले वा कम्पनीको संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अभियोग गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कम्पनीको जानकारीमा नभएको ।
ग) कम्पनी विरुद्ध कुनै आर्थिक अभियोग सम्वन्धमा कुनै मुद्दा नभएको तथा कम्पनीको संचालक विरुद्ध कुनै आर्थिक अभियोग दायर भएको कम्पनीलाई जानकारी नभएको ।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
क) धितोपत्र बजारमा भएको संगठित संस्थाको सेयर कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा:
नयाँ परियोजनाको लागि आवश्यक पुँजी संकलनको लागि आर्थिक वर्ष ०८०।८१ को नाफाबाट ८ प्रतिशत बोनस शेयर जारी भई वाडफाड सम्बन्धी कार्य सम्पन्न भएको र वोनस शेयर थप पश्चात कायम हुने पुँजीमा १:१ हकप्रद शेयर जारी गर्ने वार्षिक साधारण सभाको निर्णय कार्यान्वयनको लागि अगाडी वढाइएको । शेयरको मुल्य तथा कारोवार वजारले निर्धारण गर्ने हुदाँ यस कम्पनीको व्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तटस्थ रहेको । साथै प्रचलित कानुन बमोजिम सम्बद्ध निकायहरूलाई उपलब्ध गराउनु पर्ने सुचना तथा जानकारी समयमा कम्पनीले उपलब्ध गराएको छ ।
ख) त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विश्लेषण:
यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : नेपाल स्टक एक्सचेन्जको वेबसाइट www.nepalstock.com अनुसार ।

शेयरको अधिकतम मुल्य रु	५५५.००	कुल कारोबार संख्या	४७,५५२
शेयरको न्युनतम मुल्य रु	४८०.००	कारोबार भएको कुल दिन	५६
शेयरको अन्तिम मुल्य रु	५०१.००		

५) **समस्या तथा चुनौति :**
कम्पनीलाई निर्माण तथा संचालन अनुमती प्राप्त सोलुखोला (दुधकोशी) ८६ मे.वा. जलविद्युत परियोजना नदी प्रवाहमा आधारित भएको हुदाँ मौसमको प्रतिकुलताका कारण नदीको वहावमा आउन सक्ने उतार चढावबाट श्रृजना हुन सक्ने समस्याहरू विद्यमान रहेको । निर्मित संरचना, उक्त संरचनामा जडान भएका उपकरणहरू, मौसमको प्रतिकुलतामा उत्पन्न हुन सक्ने समस्या तथा विद्युत उत्पादनको क्रममा आउन सक्ने संभावित अन्य समस्या तथा चुनौतीहरूको सामना गर्न प्राविधिक रुपमा कम्पनी तयारी अवस्थामा रहेको ।

६) **संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिमका प्रकृया पुऱ्याई कम्पनीको संस्थागत सुशासन कायम गरिएको छ ।

७) **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म अध्यक्ष व्यक्तिगत रुपमा उत्तरदायीत्व लिन्छु । मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र यथार्थपरक छन् ।

सरकार...

पृष्ठ १ बाट क्रमशः

तर, यो १० महिनामा सरकार सुध्रिएन, सुध्रिन चाहेन । किनभने सरकार सुध्रिनका लागि गठन भएकै थिएन ।'

कांग्रेस-एमाले गठबन्धनको केपी ओली नेतृत्वको सरकारलाई माओवादीले सुरुदेखि नै बिचौलियाले बनाएको आरोप लगाउँदै आएकोमा कांग्रेस महामन्त्री गगन थापाले नै केही समयअघि प्रधानमन्त्रीको बेडसम्मै बिचौलियाको पहुँच रहेको बताएका थिए । प्रचण्डले सरकार एउटा निश्चित वर्गको स्वार्थका लागि बनेको भन्ने अहिले पुष्टि भइसकेको उनको भनाइ छ ।

'मैले त्यति वेला यो भनिरहँदा सत्ता बहिर्गमनको छटपटी भनेरसमेत टिप्पणी गरियो । तर, अहिले त यो तपाईंहरूकै भाष्य बनिसक्यो । सरकार सञ्चालन संयन्त्रकै सदस्यहरूले नै प्रधानमन्त्रीको बेडरुमसम्म बिचौलियाको पहुँच भनेर सार्वजनिक रूपमा नै भन्ने अवस्था सिर्जना भयो,' प्रचण्डले भने, 'महिना दिन बितिसक्दा पनि एउटा गभर्नर नियुक्त गर्न सक्नुभएको छैन । दुईतिहाइको बेलुन त मैले फुटिसकेको देख्छु । हरेक नियुक्ति र निर्णयमा बिचौलिया हाबी छन् । जनताले सेवाप्रवाह सहज रूपमा पाउन सकेका छैनन् । सार्वजनिक संस्थानहरूमा चरम राजनीतीकरण भइरहेको छ । १० महिना बितिसक्दा पनि लोकका अगाडि गठबन्धन बनाउन जे भनेर सातबुँदे सहमति गर्नुभएको थियो, त्यसतर्फ कहींकतै पनि ध्यान देखिँदैन ।'

प्रचण्डले हिजो आफूले खबरदारी गरेको विषय अहिले सत्तारूढकै असन्तुष्टिको कारक बनेको उल्लेख गरे । 'मैले भनेको थिएँ, सरकार आफ्नै कुशासनले ढल्छ भनेर । प्राविधिक रूपमा सरकार देखिए पनि नैतिक रूपमा सरकार ढलिसकेकै अवस्थामा छ,' उनले भने, 'तर मेरो चिन्ता हिजो पनि थियो र आज पनि म त्यही भन्छु, सरकारको कार्यशैलीले तपाईंहरू मात्रै ढल्दै हुनुहुन्न, त्यसबाट लोकतन्त्रमाथि नै प्रहार गर्ने शक्ति बढिरहेको छ । लोकतन्त्रमाथि बाहिरबाट भन्दा सरकारकै कारण बढी खतरा पैदा भएको छ ।' सरकारकै कार्यशैलीले जन्माएको असन्तुष्टिलाई प्रतिगामी र प्रतिक्रियावादीहरूले ऐतिहासिक बलिदानीपूर्ण संघर्षबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रविरुद्ध प्रयोग गरिरहेको उनको भनाइ थियो ।

भ्रष्टाचारविरुद्धको कारबाही रोकिएकोमा चिन्ता

प्रचण्डले वर्तमान सरकार बिचौलियाको पक्षपोषणमा लागेकाले भ्रष्टाचारविरुद्धको कारबाही नै रोकिएको बताए । नेपाल सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टमा पर्ने जोखिम बढेपछि आफू नेतृत्वको सरकारले कानुनी, संरचनागत सुधार थालेको, भ्रष्टाचार र कालोधन कार्यविरुद्ध कार्यविधि नै बनाएर निर्मम ढंगले एक्सन थाल्दा सरकारै ढालेको दाबी गरे ।

उनले भने, 'तस्करी, भ्रष्टाचार र राजस्व छलीविरुद्धको कारबाही र सम्पत्ति जफत गर्ने कार्यले निरन्तरता पाएको भए देश सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टमा नपर्ने सम्भावना अधिक थियो । तर, भ्रष्टाचारीहरूलाई बचाउनकै लागि मध्यरातमा बनेको सरकारले भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणविरुद्धको कारबाही रोक्यो । फलस्वरूप टेक्निकल कम्प्लायन्स पूरा गरे पनि सम्पत्ति शुद्धीकरण गर्नेमाथि कारबाही गर्न र सम्पत्ति जफत गर्न चुकेको भनेर ग्रे लिस्टमा समावेश हुनुपर्ने विडम्बना देखा पर्‍यो ।'

केपी ओली नेतृत्वमा सरकार बनेलगत्तै भ्रष्टाचारी जोगाउन सत्ताको दोहन गरिएको पनि प्रचण्डको आरोप छ । 'सरकार गठनसँगै एकपछि अर्को फाइल बन्द भए । त्रिभुवन विश्वविद्यालयको जग्गा हिनामिनाको त फाइल नै गायब पारियो । मेरिटोक्रेसी ध्वस्त बनाइयो । लिस्टको चाङ पढ्न अहिले सम्भव छैन,' उनले भने । सरकारले दुधको साक्षी बिरालो भनेझैँ दुनियाँ हँसाउने गरी कथित सुशासन आयोग गठन गरेको प्रचण्डको टिप्पणी छ । उनले आफ्ना कामद्वारा भ्रष्टाचारविरोधी भएको र सुशासनका पक्षमा रहको प्रमाणित गर्न सरकारलाई चुनौती दिए ।

०४७ पछिका सार्वजनिक पदाधिकारीको छानबिन गरौँ

प्रचण्डले सरकार साँच्चिकै सुशासन चाहन्छ भने ०४७ पछि सार्वजनिक जिम्मेवारीमा रहेका सबै व्यक्तिको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोग निर्माण गर्ने कुरा नीति तथा कार्यक्रममा समावेश गर्न पनि चुनौती दिए । 'अहिलेसम्म चर्चामा रहेका सबै काण्डहरूको न्यायिक छानबिन गर्ने विषय समेटियोस् । होइन भने भ्रष्टाचार र कुशासनको पोखरीमा नुहाएर सुशासनको कुरा गर्नु बादशाहको नयाँ लुगाभन्दा किमार्थ फरक हुन सक्दैन,' उनले भने ।

नीति कार्यक्रममा...

पृष्ठ १ बाट क्रमशः

अघिल्लो सरकारले थालेको अभ्यास किन खारेज गरियो ?

प्रचण्डले नीति तथा कार्यक्रमको प्रक्रियामै प्रश्न उठाएका छन् । विगतमा सांसदहरूले छलफलमा राखेका सुझाव नीति तथा कार्यक्रममा नसमेटिने परम्पराको अध्यादेशमार्फत अन्त्य गरेर बजेट प्रस्तुतिको तीन महिनाअगावै नीति तथा कार्यक्रमबारे नयाँ क्यालेन्डर जारी गरिएको स्मरण गराउँदै अहिले त्यो लागू नगरिएकोमा आपत्ति जनाए । 'लागू भएको भए माननीयहरूका सुझाव समेटिएर यो परिमार्जन हुन्थ्यो र बजेट निर्माणमा समेत त्यसले सकारात्मक भूमिका खेल्थ्यो । तर, मलाई थाहा छैन, यो सरकारले गत सरकारको त्यो निर्णयलाई के आधारमा खारेज गर्‍यो र फेरि अहिले कर्मकाण्डीय र परम्परागत तरिकाले नै नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ,' उनले भने, 'सायद सरकारलाई दुईतिहाइको अहंकार होला । त्यसैले आफ्नो चरित्रअनुसार नै गत वर्षको प्रावधानलाई खारेज गर्‍यो । सरकारसँग संख्याको दम्भ छ, जे गरे पनि हुन्छ भन्ने निरंकुशतावादी चिन्तन छ । त्यही भएर नीति तथा कार्यक्रम र बजेटका बारेमा संसद्मा हुने छलफललाई फेरि परम्परागत नै बनाइयो ।'

नीति तथा कार्यक्रमको समर्थन गर्न प्रधानमन्त्रीले आफ्नै दलका सांसदहरूलाई निर्देशन दिनुपर्ने अवस्था देखियो

अध्यक्ष प्रचण्डले राष्ट्रपतिले संसद्मा नीति तथा कार्यक्रम वाचन गरिरहँदा सत्तारूढ दलका सांसदहरूको बेन्चमा छाएको मौनताले नै धेरै विषय प्रतिबिम्बित गरिसकेको बताए । 'यति मात्रै नभएर, नीति तथा कार्यक्रमको स्तुति र प्रशंसामा टेबल नबजाएको भन्दै आफ्नै सांसदहरूसँग प्रधानमन्त्रीको दुःखेसो र समर्थन गर्न आफ्नै दलका सांसदहरूलाई निर्देशन दिनुपर्ने अवस्था पनि देखियो,' उनले भने, 'सत्तासीन सांसदहरूमा नै नीति तथा कार्यक्रमप्रति आशा र उत्साह पैदा हुन सक्दैन भने आमजनताका लागि यसले सन्तुष्ट हुने ठाउँ कतै देखिन्न ।' दुईतिहाइको दम्भ बोकेर कुशासनको घोडामा कुदिरहेको सरकार अहिले आफैँभित्रबाट एक्लिएको अवस्थामा नीति तथा कार्यक्रम पनि परम्परा धान्न आएको प्रचण्डको टिप्पणी छ ।

यथार्थभन्दा टाढा, जनस्तरमा चुलिएको असन्तोषलाई सम्बोधन गर्न सकेन

प्रचण्डले नीति तथा कार्यक्रम जनताको जीवनस्तरसँग जोडिएको वर्तमान यथार्थभन्दा निकै टाढा रहेको टिप्पणी गरे । यसले अर्थतन्त्रसामु देखिएका जटिलता, जनस्तरमा चुलिएको असन्तोषलाई सम्बोधन गर्न नसकेको बताए । 'नीति तथा कार्यक्रमले न त विगतको समीक्षा गरेको छ, न वर्तमान संकटसँग जुध्न सक्ने योजना बोकेको देखिन्छ । जनता र राष्ट्रका गहिरा आवश्यकता सम्बोधन गर्न असमर्थ देखिएको छ,' उनले भने, 'यतिखेरको मूल समस्या सहकारी तथा लघुवित्त ठगी, आर्थिक अपराध, सम्पत्ति शुद्धीकरण, राजस्व चुहावट, भ्रष्टाचार र कुशासन रहे पनि यी विषयलाई कुनै महत्त्व दिइएको छैन ।' त्यस्तै न्याय, समानता र समावेशी लोकतन्त्रप्रति सरकारले कस्तो दृष्टिकोण राखेको छ भन्ने कुरा पनि प्रस्ट पार्न नसकेको प्रचण्डले बताए ।

आँसु, रगत र पसिना बगाएर रेमिट्यान्स पठाउने प्रवासी श्रमिक किन छुटे ?

नीति तथा कार्यक्रममा प्रवासी श्रमिकहरूलाई बेवास्ता गरिएकोप्रति पनि प्रचण्डले आपत्ति जनाए । विदेशमा पसिना बगाइरहेका लाखौँ नेपालीलाई राज्यले नजरअन्दाज गरेको भन्दै उनले प्रश्न गरे, 'आँसु, रगत र पसिना बगाएर रेमिट्यान्स पठाउने विदेशमा रहेका नेपालीका लागि राज्यको केही दायित्व हुँदैन ? उनीहरूले पठाएको पैसा या नेपाल फर्किएपछि उनीहरूको ज्ञान र सिपको उपयोग गर्नेतर्फ सरकारले सोच्नुपर्दैन ? सम्मानजनक आप्रवासन र फर्केपछि रिटर्नी उद्यमशीलताको कुरा खै कहाँ छ नीति तथा कार्यक्रममा ? गत वर्ष नीति तथा कार्यक्रम र बजेटमा १ लाख रिटर्नी प्रवासीहरूलाई उद्यमशीलतामा जोड्न प्रस्तावित रेमिट्यान्स उद्यमशीलता कार्यक्रम किन अटाइएन नीति तथा कार्यक्रममा ?'

माफियाका लागि विधेयक, भूमिहीनलाई बेवास्ता

प्रचण्डले भूमिहीन र सुकुमवासीको अधिकारको बेवास्ता गर्दै सरकारले माफियामैत्री नीति अघि बढाएको टिप्पणीसमेत गरे । सरकारको ध्यान बिचौलिया र माफियाहरूका सेवामा केन्द्रित भएको उल्लेख गर्दै भने, 'कतिसम्म भने एउटा अड्डाको प्रमुख परिवर्तन गर्न मात्रै तपाईंहरूले दर्जनभन्दा बढी निर्णय गर्नुभयो, महिनौँसम्म लाग्नुभयो । एउटा इगो पूरा गर्न लोकलाई नै लज्जित पार्ने गरी कुलमान घिसिङलाई हटाइछोड्नुभयो । कुलमानलाई समर्थन गरेको झोँकमा आफ्नै मन्त्रीलाई निष्कासित गर्नुभयो । बिजुलीको अर्बौँ बक्यौता नतिर्नेहरूलाई खुसी पार्नुभयो । तर, त्यहीँनेर अघिल्लो सरकारले पाँच लाख भूमिहीन, सुकुमवासीहरूलाई जग्गाको स्वामित्व दिने चिन्ता तपाईंहरूमा पलाएन ? अहिले पनि निकै कन्जुस्याइँ गरेर नीति कार्यक्रममा उनीहरूको व्यवस्थापन गरिनेछ भनेर एक लाइन लेख्नुभएछ । तर, माफियाहरूका पक्षमा भूमिसम्बन्धी विधेयक ल्याएर कसरी गर्नुहुन्छ व्यवस्थापन ? भूमिहीनको अधिकारलाई त्यति हल्का लिँदा, माफियाका पक्षमा भूमिसम्बन्धी विधेयक ल्याउन सरकारको के आधार छ ?'

दूरगामी महत्त्वका कार्यक्रममाथि कैँची : को बन्छ सुखी, कसको हुन्छ समृद्धि ?

प्रचण्डले दूरगामी महत्त्वका योजनामा सरकारले कैँची चलाएकोमा पनि आलोचना गरे । 'समृद्धि र आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि कृषि, पर्यटन, सूचना प्रविधिजस्ता क्षेत्रको विकास अनिवार्य हो, तर सरकारले यी क्षेत्रका दीर्घकालीन महत्त्वका योजनाहरू हटाइदिएको छ । मेक इन नेपाल र मेड इन नेपालको सोचलाई अघि सार्ने योजनाहरू हटाइए, जसले उद्यमशीलता र स्वरोजगारको प्रवर्द्धन गर्थ्यो,' उनले भने । त्यस्तै, स्थानीय स्रोतमा आधारित उद्यमशीलता विकास, पारम्परिक हस्तकला प्रवर्द्धन र निर्यातजस्ता योजनाहरू हटाइदिएर सरकारले आफ्नो राष्ट्रिय दृष्टिकोणको कमजोरी प्रदर्शन गरेको आरोप लगाए । सुदूरपश्चिमको मेगा फुड पार्क, कर्णालीको खाद्य तथा फलफूल प्रशोधन केन्द्रलगायतका दीर्घकालीन योजनाहरू पनि हटाइएकोमा आपत्ति जनाए ।

त्यस्तै, गण्डकी त्रिभुज परियोजना, आइटी दशक, सार्वजनिक सेवाहरूको डिजिटलाइजेसनका लागि ब्लुप्रिन्ट, नागरिक सेवा केन्द्र, नेपाली गलैँचा करिडोर स्थापना, कोसेली घर, एक पालिका एक डाउनटाउन, गाँजाको व्यावसायिक उत्पादन, हिल स्टेसन, प्रदेशको विशिष्टताका आधारमा आर्थिक उत्पादनको नयाँ मोडेललगायतका कैयन नीति तथा कार्यक्रमहरू सरकारले रछ्यानमा मिल्काएको प्रचण्डको भनाइ छ । महिलाहरूका लागि प्रधानमन्त्री छोरी कार्यक्रमदेखि ज्येष्ठ नागरिकहरूको हक अधिकारका लागि अघि सारिएका नीतिहरू पनि निरन्तरता पाउन नसकेको पनि बताए ।

पक्राउ परेका...

पृष्ठ १ बाट क्रमशः

कार्यरत कम्प्युटर अपरेटर शक्ति ठाकुर, सहायक कम्प्युटर अपरेटर (ज्यालादारी) मनोज गिरी, घरेलु तथा साना उद्योग कार्यालय नेपालगन्जका नासु मुकुन्दराज केसी र मामा भान्जा मोटर ड्राइभिङ सेन्टर नेपालगन्जका प्रोपाइटर शरदकुमार गोराथोकीलाई पक्राउ गरेको हो ।

उनीहरूमाथि अनुसन्धान गर्ने क्रममा लुम्बिनी प्रदेशको उद्योग पर्यटन तथा यातायात मन्त्रालयका अधिकारीसँग आर्थिक लेनदेन भेटिएको आयोग स्रोत बताउँछ । 'पक्राउ परेकाहरूसँग मन्त्रीको सचिवालयका व्यक्तिहरूको बैंक खाताको क्युआरकोड भेटिनुका साथै उनीहरूले बैंक खातामा पैसासमेत हालिएको पाइएको छ,' अख्तियारका एक अधिकारीले भने, 'शंकास्पद कारोबार भएका व्यक्तिहरूलाई बोलाएर सोधपुछको काम भइरहेको छ ।' केही स्थानीय नेता तथा मन्त्रीको सचिवालयकै मिलेमतोमा संगठित रूपमा परीक्षा नै नदिएका तथा दिएर फेल भएकालाई समेत उत्तीर्ण गराउने गरिएको अनुसन्धानमा खुलेको छ ।

घरेलु तथा साना उद्योग कार्यालय नेपालगन्जका नासु मुकुन्दराज केसी र मामा-भान्जा मोटर ड्राइभिङ सेन्टर नेपालगन्जका प्रोपाइटर शरदकुमार गोराथोकी गिरोहका प्रमुख व्यक्ति भएको स्रोतको दाबी छ । पहिला यातायात कार्यालयमै बसेका नासु केसी घरेलुमा सरुवा भएपछि पनि लाइसेन्सको सेटिङ मिलाउँदै आएका थिए ।

कार्यालयमा हाजिर गरेर उनी गोराथोकीको ड्राइभिङ सेन्टर र यातायात कार्यालयमा पुग्थे । ट्रायलमा पास गराउने व्यक्तिहरूको सूची ड्राइभिङ सेन्टरमै बन्ने गर्दथ्यो । जसअनुसार एकैदिनमा १० लाख रुपैयाँसम्म असुली गरी ट्रायल पास भएको देखाएर लाइसेन्स वितरण हुँदै आएको अनुसन्धानमा भेटिएको छ । यसमा ट्राफिक प्रहरीको पनि शंकास्पद भूमिका देखिएको छ । उत्तीर्ण हुनेको सूचीमा ट्राफिक प्रहरी अधिकृतको समेत हस्ताक्षर हुने गरेको छ । ट्रायलको सिसिक्यामेरा फुटेजसमेत उनीहरूले मेटाएर सेटिङ गर्दै आएका थिए ।

पक्राउ परेका व्यक्तिहरूको मोबाइलको समेत परीक्षण गरेर अनुसन्धान भइरहेको अख्तियार स्रोत बताउँछ । जसक्रममा उनीहरूले ह्वाट्सएपमा कुराकानी गर्ने र पास गर्ने व्यक्तिहरूको लिस्ट त्यसैमार्फत आदानप्रदान गर्दै आएका थिए । कर्मचारीको सरुवामा यातायातमन्त्री प्रचण्डबिक्रम न्यौपानेको सचिवालयको सक्रियता रहेको र सेटिङ गिरोहका व्यक्तिसँग नियमित सम्पर्क र लेनेदन देखिएको आयोग स्रोत बताउँछ । तर, लेनदेनको पैसा घुसकै भएको भनेर प्रमाणित गर्न कठिन भएको आयोगका अधिकारी बताउँछन् । पक्राउ परेका कर्मचारीले अन्यलाई जोगाउने प्रयास गरेका छन् ।

आयोगका प्रवक्ता राजेन्द्रप्रसाद पौडेलले नेपालगन्ज यातायात कार्यालयमा फेल भएकालाई पास गराएर लाइसेन्स दिने गरिएको उजुरीका आधारमा चारजनालाई पक्राउ गरिएको घटनामा विस्तृत अनुसन्धान चलिरहेको बताए ।

यसरी सेटिङ मिलाउनका लागि ट्रायलको नजिता तत्कालै प्रकाशन नगर्ने गरिएकाले पनि मन्त्रालयसम्मको मिलेमतोको आशंका गरिएको छ । सामान्यतया ३५/४० प्रतिशत मात्र उत्तीर्ण हुने गरेकोमा ७०/८० प्रतिशत उत्तीर्ण गराएर परीक्षामा सहभागी नै नभएकालाई समेत उत्तीर्ण देखाउने गरिएको अनुसन्धानमा खुलेको छ । हेभी सवारीको लाइसेन्समा ५० हजार रुपैयाँभन्दा धेरै रेट तोकिएको थियो ।

भारतसँग...

पृष्ठ १ बाट क्रमशः

सरकारलाई रुलिङ गरेका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा आकस्मिक समयमा सांसदले प्रिसाको मृत्युबारे विषय उठाएपछि सभामुख घिमिरेले भारतीय विश्वविद्यालयमा नेपाली विद्यार्थीको मृत्यु हुनु राष्ट्रको संवेदनशील विषय भएको भन्दै सत्यतथ्य पत्ता लगाउन सरकारलाई निर्देशन दिएका हुन् ।

'किटमा अध्ययनरत नेपाली विद्यार्थी प्रिसा साहको निधनबारे माननीय सदस्यहरूले आकस्मिक समयमा उठाउनुभएको विषयमा सदनको गम्भीर ध्यानाकर्षण भएको छ,' सभामुखले रुलिङ गर्दै भने, 'उज्यालो भविष्यका सपना बोकेर अध्ययनका लागि बिदेसिएका विद्यार्थीको एकपछि अर्को रहस्यमय मृत्युको घटना राष्ट्रको संवेदनशीलता र जिम्मेवारीसँग जोडिएको गम्भीर प्रश्न पनि हो । सरकारलाई यस घटनाप्रति गहिरो चासो लिँदै सत्यतथ्य पत्ता लगाउन भारत सरकारसँग उच्च तहमा कूटनीतिक संवाद अघि बढाउन र परिवारलाई आवश्यक न्यायिक सहयोग गर्न निर्देश गर्दछु ।'

पाण्डे र तिम्सेना निलम्बन फुकुवा प्रस्तावमा छलफल गर्न ओलीको आलटाल

आइतबारको सचिवालय बैठकमा महासचिव पोखरेलले निलम्बन फुकुवाको विषय प्रवेश गराए, ओलीले 'पछि गरौंला' भन्दै टारे



● **विन्दा पाण्डे**, स्थायी कमिटी सदस्य, एमाले

म मधेश प्रदेशमा छु। निलम्बन फुकुवाको विषयमा मलाई केही थाहा छैन। त्यो विषयमा मलाई चासो पनि छैन। अहिलेसम्म निलम्बनको औपचारिक पत्र पनि आएको छैन। उनीहरूले कहिलेदेखि निलम्बन अवधि मान्ने हुन् त्यो पनि थाहा छैन। मैले फेसबुकमा स्टाटस लेखेको दिनबाट गन्ने हो भने गत २७ चैतमा ६ महिना पुगिसक्यो।



● **उषाकिरण तिम्सेना**, केन्द्रीय सदस्य, एमाले

महासचिवले निलम्बन फुकुवाको विषय उठाउनुभएको कुरा आयो। उहाँहरूले निलम्बन गरेको अवधिबाट १० असारमा ६ महिना पुग्छ। तर, विधानमा त्यस्तो स्पष्ट केही लेखिएको छैन। निलम्बन फुकुवा गर्न अध्यक्षलाई खासै मन छैन। त्यसैले उहाँले टार्नुभयो होला। हाम्रो विषय प्राथमिकतामा परेन होला।

प्रेम गौतम/नयाँ पत्रिका

प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले निलम्बनमा परेका स्थायी समिति सदस्य डा.विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाको निलम्बन फुकुवाबारे प्रस्तावमा छलफल गर्न अस्वीकार गरेका छन्। आइतबार च्यासलस्थित पार्टी कार्यालयमा बसेको केन्द्रीय सचिवालय बैठकमा महासचिव शंकर पोखरेलले पाण्डे र तिम्सेना निलम्बनको विषय प्रवेश गराएका थिए। तर, अध्यक्ष ओलीले अर्कै दिन गरौंला भनेर रोकेका थिए।

भाटभटेनी डिपार्टमेन्टका सञ्चालक मीनबहादुर गुरुङसँग १० रोपनी जग्गा चन्दा लिएर पार्टी कार्यालय बनाउने निर्णयको विरोध गर्दै पाण्डे र तिम्सेनाले सामाजिक सञ्जालमा स्टाटस लेखेका थिए। सोहीकारण, एमालेले दुवैलाई ६ महिनाका लागि निलम्बन गरेको थियो। 'महासचिव पोखरेलले निलम्बन फुकुवा गर्ने कि भनेर प्रस्ताव गर्नुभएको थियो,' एक पदाधिकारीले भने, 'अध्यक्षले आज नगरौं, अर्को दिन गरौंला भन्नुभयो।' भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङसँग १० रोपनी जग्गा चन्दा लिएर पार्टी कार्यालय बनाउने निर्णयको पाण्डे र तिम्सेनाले विरोध गरेका थिए। सोहीकारण एमालेले दुवैलाई ६ महिनाका लागि निलम्बन गरेको थियो।



एमाले सचिवालयको निर्णय गत पुसमा केन्द्रीय समितिले अनुमोदन गरेर माघमा अपानि पठाइएको थियो। 'पार्टीको संस्थागत निर्णयको खिलापमा पार्टीलाई नकारात्मक असर पुग्ने अभिव्यक्ति दिएकाले स्थायी कमिटी सदस्य विन्दा पाण्डे र केन्द्रीय कमिटी सदस्य उषाकिरण तिम्सेनालाई स्पष्टीकरण सोधिएको थियो। उहाँहरू दुवैजनाबाट प्राप्त स्पष्टीकरण चित्तबुझ्दो नरहेकाले सचिवालयको ४२औं बैठकले पद एवं जिम्मेवारीबाट ६-६ महिना निलम्बन गर्ने र पार्टी निर्देशनमा चल्न निर्देशन दिने निर्णय भएको छ,' अपानिमा भनिएको थियो। यद्यपि, निलम्बनको जानकारी औपचारिक रूपमा नपाएको दुवै नेतृले बताउँदै आएका छन्।

निलम्बनकै अवस्थामा अध्यक्ष ओलीले वैशाख सुरुमा विन्दा पाण्डेलाई बालुवाटारमै बोलाएर करिब दुई घण्टा छलफल गरेका थिए। उनले पार्टी कामबारे चासो राख्दै निलम्बन कहिले सकिन्छ भनेर सोधेका थिए। जवाफमा पाण्डेले 'अहिलेसम्म चिठी त दिएको छैन, कसरी थाहा हुनु' भन्ने जवाफ दिएकी थिइन्। पाण्डेले पार्टीकै हितमा बोलेको बताउँदै आएकी छिन्। 'म मधेश प्रदेशमा छु। निलम्बन फुकुवाको विषयमा मलाई केही थाहा छैन। त्यो विषयमा मलाई चासो पनि छैन। अहिलेसम्म निलम्बनको औपचारिक पत्र पनि आएको छैन। उनीहरूले कहिलेदेखि निलम्बन अवधि मान्ने हुन् त्यो पनि थाहा छैन। मैले फेसबुकमा स्टाटस लेखेको दिनबाट गन्ने हो भने गत २७ चैतमा ६ महिना पुगिसक्यो,' उनले भनिन्।

ओलीलाई निलम्बन फुकुवा गर्न मन नभएकाले टार्दै आएको तिम्सेनाले बताइन्। 'महासचिवले निलम्बन फुकुवाको विषय उठानुभएको कुरा आयो। उहाँहरूले निलम्बन गरेको अवधिबाट १० असारमा ६ महिना पुग्छ। तर, विधानमा त्यस्तो स्पष्ट केही लेखिएको छैन। निलम्बन फुकुवा गर्न अध्यक्षलाई खासै मन छैन। त्यसैले उहाँले टार्नुभयो होला। हाम्रो विषय प्राथमिकतामा परेन होला,' उनले भनिन्। तिम्सेनाले पनि निलम्बनको औपचारिक पत्र हालसम्म प्राप्त नभएको बताइन्।

■ विद्याको राजीनामालाई लिएर ओली र शाक्यबिच सवालजवाफ

एमाले नेतृ विद्या भट्टराईले शिक्षामन्त्रीबाट राजीनामा दिएको दुई साता बितिसकेको छ।। गत ८ वैशाखमा शिक्षक आन्दोलन चर्किएका वेला उनले पदबाट राजीनामा दिएकी थिइन्। उनको राजीनामा स्वीकृत भएर रघुजी पन्त शिक्षामन्त्री बनिसक्दा पनि एमालेमा विद्याको बहिर्गमनको तरंग सेलाएको छैन। आइतबारको एमाले सचिवालय बैठकमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले भट्टराईको राजीनामाको विषय विनाएजेन्डा र प्रसंग उठाए। उनले भट्टराईले शिक्षामन्त्रीको रूपमा काम गर्न नसकेको मात्रै बताएनन्, उनको पक्षमा उभिएकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यप्रति कटाक्षसमेत गरे।

स्वास्थ्यको कारण देखाएर भट्टराईले आफैं राजीनामा दिए पनि पार्टीकै जिम्मेवार नेताले प्रधानमन्त्रीले असहयोग गरेको रूपमा अभिव्यक्ति दिएको भन्दै ओलीले बैठकमा आपत्ति जनाए। 'विद्या भट्टराईलाई मैले नै मन्त्री बनाएको हुँ। उहाँ आफैं नसकेर बाहिरिनुभएको हो। मन्त्री हुने क्षमता उहाँमा रहेनछ, सांसद हुन मात्रै योग्य हुनुहुँदोरहेछ। आन्दोलनरत शिक्षकसँग वार्ता गर्नुभएकै थियो। किन राजीनामा दिनुभयो, थाहा भएन। तर, पार्टीकै जिम्मेवार नेताले प्रधानमन्त्रीले सहयोग गरेन भनेर प्रचार गर्नुभयो,' ओलीको भनाइ उद्धृत गर्दै एक पदाधिकारीले भने 'त्यसरी सार्वजनिक रूपमा बोल्दा ख्याल गर्नुपर्ने हो। आन्तरिक एकता कायम गर्ने गरी अघि बढ्न आग्रह गर्छु।' ओलीले आफूप्रति टिप्पणी गरेपछि उपाध्यक्ष शाक्यले तत्कालै जवाफ फर्काइन्- 'तपाईंले पनि पब्लिक फोरममा बोल्नुभएन। म पनि नबोलौंला।'

च्यासलस्थित पार्टी कार्यालयमा आइतबार १ बजेका लागि बोलाइएको बैठक ओली दुई घण्टा ढिलो पुगेकाले ३ बजेपछि मात्रै सुरु भएको थियो। बैठकमा धारणा राख्दै जानेक्रममा अन्तिमतिर ओलीले निवर्तमान शिक्षामन्त्री भट्टराई र उपाध्यक्ष शाक्यको विषय उठाएका थिए। 'विद्या भट्टराईको विषयलाई लिएर किन लेख्नुभयो भन्नुभयो। सार्वजनिक रूपमा बोल्नुभएन, टीकाटिप्पणी गर्नुभएन भन्ने कुरा गर्नुभयो। उहाँ विज्ञ नै हो, उहाँलाई मन्त्री बनाउनुभयो, राम्रो भयो। सातबुँदे प्रस्ताव पनि उहाँले नै तयार पार्नुभएको हो। उहाँले किन काम गर्न पाउनुभएन भन्ने मेरो कुरा हो। त्यसैको जगमा रघुजी पन्त शिक्षामन्त्री भएपछि शिक्षकसँग सहमति भयो। बैठकमा छलफल किन भएन, परामर्श किन हुँदैन ? भन्ने कुरा मेरो हो,' शाक्यले भनिन्, 'सचिवालय एउटा टिम हो। एकताबद्ध बनाउने हो भने हार्दिकता, आत्मीयता हुनुपर्छ। आलोचना र आत्मालोचना हुनुपर्छ। तर, अहिले पार्टीमा त्यस्तो अवस्था रहेन।'

शाक्यले अध्यक्ष ओलीको अभिव्यक्तिलाई आफूले सकारात्मक रूपमा लिएको बताइन्। 'तपाईले मन्त्री बनाउनुभयो, किन सहयोग गर्नुभएन ? हाम्रो भेट पनि भएको थिएन, एउटा नेता हतोत्साहित नहोस् भएर लेखेकी हुँ। किन यस्तो भयो भन्ने मेरो जिज्ञासा हो। यसरी प्रस्ट छलफल भएको भए सार्वजनिक रूपमा लेख्नु पर्दैनथ्यो,' शाक्यको भनाइ थियो।

भट्टराईले राजीनामा दिएको भोलिपल्ट शाक्यले उनको फोटोसहित सामाजिक सञ्जालमा लेखेकी थिइन्, 'शिक्षक आन्दोलन चलिराखेको वेला शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा किन दिनुपऱ्यो ? विद्या भट्टराई सक्षम, इमानदार, नैतिकता उच्च भएको एउटा असल नेता भएको कारणले राजीनामा दिनुपरेको हो ? उहाँलाई सहयोग किन भएन ? कमरेड विद्याको राजीनामाले उहाँको नैतिक धरातल कमजोर होइन, अझ उच्च बनाएको छ। कमरेड विद्या तपाईंको इमान र नैतिकता सबैका लागि सधैं प्रेरणा बनोस्।' शाक्यपछि धारणा राखेका उपाध्यक्षद्वय युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेले पार्टीलाई बलियो बनाउन खुलस्त छलफल गर्नुपर्नेमा जोड दिएका थिए। समय अभाव देखाउँदै पाण्डेले बोल्दै गर्दा ओलीले बैठक स्थगित गरेका थिए। अरू नेताले आइतबार बोल्न पाएनन्।

■ सुदूरपश्चिमका मुख्यमन्त्री शाहको भारत भ्रमण

पञ्चेश्वर परियोजना, सीमा सुरक्षादेखि लगानी र पर्यटनसम्म छलफल

पर्शुराम काफ्ले/नयाँ पत्रिका

भारतको एक साताव्यापी भ्रमणमा रहेका सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सोमबार उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग लखनउमा भेटवार्ता गरेका छन्। नेपालमा संघीयता कार्यान्वयनयता प्रदेश सरकारका मुख्यमन्त्रीको यो पहिलो औपचारिक भारत भ्रमण हो। मुख्यमन्त्री नेतृत्वको टोली १६ वैशाखदेखि औपचारिक भ्रमण सकेर मंगलबार धनगढी फर्किँदै छ।

शाह नेतृत्वको टोलीसँग १८ वैशाखमा भारतीय विदेश राज्यमन्त्री कीर्तिवर्द्धन सिंहले भेटवार्ता गरेका थिए। उनले १९ वैशाखमा सीमावर्ती उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीसहित तीनजना मन्त्रीहरूसँग बेग्लाबेग्लै भेटेका थिए। आइतबार उत्तरप्रदेश आइपुगेको उनको टोलीले सोमबार उत्तरप्रदेशका मख्यमन्त्रीसँग भेटवार्ता गरेको छ। 'नयाँदिल्ली, उत्तराखण्ड र उत्तरप्रदेशमा भएका सबै उच्चस्तरीय भेटमा मैले दुई देशको जनस्तरको सम्बन्धको कुरा गरेको छु। सुदूरपश्चिमका पञ्चेश्वरलगायत जलविद्युत् परियोजना, पर्यटन, कनेक्टिभिटी, सुरक्षालगायत सबै सरोकारबारे छलफल भएको छ। हाम्रा सरोकारबारे भारतीय पक्ष असाध्यै सकारात्मक भएको मैले अनुभव गरैं,' मुख्यमन्त्री शाहले लखनउबाट सोमबार टेलिफोनमा नयाँ पत्रिकासँग भने।

सुदूरपश्चिम प्रदेश भारतको उत्तराखण्ड र उत्तरप्रदेशसँग सीमा जोडिएको छ। 'मुख्यमन्त्री योगीजीसँग हामीले सीमाक्षेत्रको अपराध तथा लागुऔषध ओसारपसार नियन्त्रणलगायत द्विपक्षीय हितका विषयमा छलफल भयो,' शाहले भने। उनले आगामी १६-१७ सेप्टेम्बरमा सुदूरपश्चिम प्रदेशले आयोजना गर्न लागेको लगानी सम्मेलनबारे छलफल गरेका थिए।

मुख्यमन्त्री शाहले दिल्ली, देहरादुन र लखनउमा भएका सबै भेटवार्तामा आधुनिक कृषिखेती, ऊर्जा क्षेत्रको विकास, पर्यटन प्रवर्द्धन, धार्मिक मानसखण्ड सर्किटको निर्माण, धार्मिक एवं पर्यापर्यटन क्षेत्रको विकास दुई देशबिचको कनेक्टिभिटी, सडक सञ्जाललगायतका विषयमा छलफल भएको बताए। शाहले वेतन कर्णाली, फुकोट कर्णाली र मुगु कर्णालीको सम्भावना अध्ययनका लागि सहयोग गर्न मुख्यमन्त्री योगीमार्फत भारत सरकारलाई अनुरोध गरेका थिए।



उत्तरप्रदेशका समकक्षी योगी आदित्यनाथसँग कुराकानी गर्दै सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह।

शाहले दार्चुलामा निर्माणाधीन पुल शीघ्र निर्माण गर्न तथा बैतडी र डडेल्धुरामा पुल निर्माण प्रक्रिया चाँडो सुरु गर्न भारत सरकारलाई अनुरोध गरेको बताए। उनले धनगढी र महेन्द्रनगरमा दुईवटा एकीकृत जाँच चौकी (आइसिपी) निर्माण गरिदिन भारत सरकारसँग अनुरोध गरेको र सबै सरकारी पक्ष सकारात्मक भएको जानकारी दिए। मुख्यमन्त्री शाहको अनुरोधपछि मुख्यमन्त्री योगीले तिकुनियाँ-खत्रकौलासम्मको सडक खण्डका साथै पलियाँ-गौरीफन्टामा भारततर्फ सडकखण्ड छिटो विस्तार र सम्पन्न गर्ने आश्वासन दिएका छन्।

मुख्यमन्त्री शाहले उत्तराखण्डका मुख्यमन्त्री धामी र उत्तरप्रदेशका मुख्यमन्त्री योगीलाई नेपाल भ्रमणका लागि औपचारिक निमन्त्रणा दिएको बताए। 'हामी संघीयतामा गएपछि नेपालबाट मुख्यमन्त्रीस्तरीय पहिलो औपचारिक भारत भ्रमण हो। भारतबाट पनि कोही मुख्यमन्त्री आउनुभएको छैन। अब हाम्रा अन्य मुख्यमन्त्रीलाई पनि उहाँहरूले औपचारिक भ्रमणमा बोलाउने भन्नुभएको छ, हामीले पनि बोलाउनुपर्छ,' शाहले भने। मुख्यमन्त्री शाहको नेतृत्वमा १० सदस्यीय टोली भारत भ्रमणमा छ।

संक्षेप

प्रधानमन्त्री-देउवा भेटवार्ता

काठमाडौं/ संक्रमणकालीन न्यायलगायतका विषयमा प्रधानमन्त्री केपी ओलीले सोमबार सत्ता साझेदार कांग्रेस सभापति शेरबहादुर देउवासँग छलफल गरेका छन्। आइतबार प्रमुख प्रतिपक्षी माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग प्रधानमन्त्रीले संक्रमणकालीन न्याय प्रक्रियाका विषयमा छलफल गरेका थिए। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा भएको प्रधानमन्त्री ओली र सभापति देउवाबिचको भेटवार्तामा गृहमन्त्री रमेश लेखक र प्रधानमन्त्रीका कानुनी एवं मानव अधिकारसम्बन्धी सल्लाहकार अग्निप्रसाद खरेल सहभागी थिए। दुई नेताबिच नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिलगायतका विषयमा छलफल भएको स्रोतले जनाएको छ।

नेपाली भूमिमा चीनविरोधी गतिविधि हुन दिइनेछैन : देउवा



काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवाले नेपाल सदैव एक चीन नीतिप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै नेपाली भूमिमा चीनविरोधी कुनै पनि गतिविधि हुन नदिइने बताएका छन्। नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको सन्दर्भमा जिपी कोइराला फाउन्डेसनले सोमबार आयोजना गरेको तस्बिर प्रदर्शनीको उद्घाटन गर्दै उनले नेपाल-चीन सांस्कृतिक, आर्थिक र सामाजिक साझेदारी ऐतिहासिक र मजबुत रहेको बताए। नेपालको पूर्वाधार विकास, व्यापार, पर्यटन, सांस्कृतिक तथा शैक्षिक आदानप्रदान, जलवायु परिवर्तन एवं वातावरणीय सहकार्यलगायत क्षेत्रमा चिनियाँ सहयोगप्रति आभार प्रकट गर्दै देउवाले आगामी दिनमा चिनियाँ सहयोग थप अभिवृद्धि हुने विश्वास व्यक्त गरे। 'फोटो प्रदर्शनीले चीनसँगको सहकार्यलाई थप मजबुत बनाउने, जनस्तरको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्दछु,' उनले भने, 'नेपाल-चीन सांस्कृतिक र शैक्षिक सम्बन्धलाई पनि प्रगाढ बनाउनाका साथै यसले दुई देशका जनताबीच आपसी सहमति र सहकार्यको भावना जागृत गराउनेछ।'

पाँच वर्षमा पनि तयार भएन प्रतिरक्षा विश्वविद्यालयको पूर्वाधार

काठमाडौं/ सरकारले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको म्याद फेरि एक वर्ष थपेको छ। मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास समिति गठन आदेश फेरि संशोधन गरी सोमबार राजपत्रमा सूचना प्रकाशन गरिएको छ। आदेशको दफा २५(१) संशोधन गरी पूर्वाधार निर्माण विकास समितिको म्याद एक वर्ष थप गरिएको हो। गत वर्ष पनि संशोधन गरी एक वर्ष थप गरिएको थियो। फेरि संशोधन गरेर ६ वर्ष बनाइएको छ। सरकारले १२ फागुन ०७६ मा 'राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६' जारी गरेको हो। त्यतिवेला पूर्वाधारको निर्माण समितिको काम दुई वर्षभित्र सक्ने लक्ष्य राखिएको थियो। पाँच वर्षमा पनि पूरा नभएपछि विश्वविद्यालयमा नेसनल डिफेन्स कोर्स (एनडिसी) सुरु हुन सकेको छैन। ०८३ वैशाखबाट मात्र एनडिसी सुरु हुने सम्भावना छ। काभ्रेको बनेपामा विश्वविद्यालय स्थापनाका लागि पूर्वाधार निर्माणको काम भइरहेको छ।

इपिएस कार्यालयमा युवाको प्रदर्शन

काठमाडौं/ इम्प्लोइमेन्ट परमिट सिस्टम (इपिएस) परीक्षामा नाम निस्केर पनि वैदेशिक रोजगारका लागि कोरिया जानबाट रोकिएका युवा आन्दोलित भएका छन्। उनीहरूले सोमबार ललितपुरको ग्वार्कोस्थित इपिएस कोरिया शाखामा प्रदर्शन गरेका छन्। इपिएस कोरिया शाखाका अनुसार पछिल्लोपटक इपिएस परीक्षमा नाम निकाल्ने युवा चार हजारभन्दा धेरै छन्। त्यसमध्ये सात सय युवा मात्रै कोरिया उडेका छन्। बाँकी युवा भने नेपालमै छन्। तिनै युवा कोरिया जान पाउनुपर्ने भन्दै आन्दोलित छन्। उनीहरूले आइतबार कार्यालय प्रमुख राजकुमार राईलाई ज्ञापनपत्र पनि बुझाएका थिए। सोमबार भने ग्वार्कोस्थित इपिएस कार्यालय नै घेराउ गरे। आक्रोशित युवा कार्यालयभित्र प्रवेश गर्न खोजेपछि प्रहरीले अवरोध गरेको थियो। दुई पक्षबिच सोमबार दिनभर धकेलाधकेल चल्यो। यसक्रममा प्रहरीले युवामाथि लाठी प्रहार गऱ्यो। आक्रोशित युवा ढुंगामुढामा उत्रिएपछि प्रहरीले केही युवालाई पक्राउ गरेको छ। जसमध्ये तीनजना हिरासतमा रहेको जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता एसपी चक्रराज जोशीले बताए।

आवासीय चिकित्सकलाई निर्वाह भत्ता दिन स्वास्थ्य मन्त्रालयको निर्देशन

काठमाडौं/ शिक्षा मन्त्रालयले आवासीय चिकित्सकहरूलाई हतोत्साहित नपार्न र चिकित्सा शिक्षा आयोगको निर्णयअनुसारको निर्वाह भत्ता दिन निजी मेडिकल कलेजलाई निर्देशन दिएको छ। आवासीय चिकित्सकहरूलाई निर्वाह भत्ता नदिएको र उल्टै काममा फर्काइसमेत धम्की दिन थालेको गुनासो आएपछि सोमबार मन्त्रालयले विज्ञप्तिमार्फत निजी मेडिकल कलेजको ध्यानाकर्षण गराएको हो।

प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा गत २५ माघमा बसेको चिकित्सा शिक्षा आयोगको १६औं बैठकले आवासीय चिकित्सकको भत्ता ४८ हजार ७३७ रुपैयाँ दिनुपर्ने निर्णय गरेको थियो। तर, हालसम्म पनि सो निर्णय कार्यान्वयन हुनसकेको छैन। आवासीय चिकित्सकहरू सरकारले तोकेको निर्वाह भत्ता नपाएपछि एक महिनाभन्दा बढी समयदेखि आन्दोलनमा छन्। 'आवासीय चिकित्सकहरूलाई सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रममा अध्ययन गर्ने आवासीय चिकित्सकहरूलाई दिएसरह (स्वास्थ्य सेवाको आठौं तह) निर्वाह भत्ता उपलब्ध गराउन सम्बन्धित विश्वविद्यालय र अन्तर्गतका सम्बन्धन प्राप्त निजी मेडिकल कलेजलाई निर्देशन दिने भनेर प्रस्ट रूपले उल्लेख गरिएको छ,' मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'उक्त निर्णयअनुसार सरकारी स्वास्थ्य सेवाको आठौं तहसरह ४८ हजार ७३७ रुपैयाँ सम्पूर्ण आवासीय चिकित्सकलाई तत्काल उपलब्ध गराउन सम्बन्धित पक्षलाई आग्रह गर्दछौं, आन्दोलनरत आवासीय चिकित्सक काममा फर्कंदा कुनै पनि प्रकारले उनीहरूलाई हतोत्साहित नगर्न र उनीहरूको शैक्षिक गतिविधिमा असर पर्ने कार्य नगर्न सबै विश्वविद्यालय तथा सम्बद्ध निकायलाई ध्यानाकर्षण गराउँदछौं।'

■ आन्दोलनमै छन् आवासीय चिकित्सकहरू



शनिबार स्वास्थ्य मन्त्रालय र नेपाल चिकित्सक संघबिच चारबुँदे सहमति भए पनि आवासीय चिकित्सकहरूले आन्दोलन छाडेका छैनन्। उनीहरूले काम गर्ने सहज वातावरण हुनुपर्ने र सरकारले तोकेको निर्वाह भत्ता पाउनुपर्ने माग राख्दै आएका छन्। सो विषय कार्यान्वयन नहुँदासम्म आन्दोलनमै रहने आन्दोलनरत आवासीय चिकित्सकको नेतृत्व गरिरहेका डा. शेषराज घिमिरेले बताए। १९ वटा मेडिकल कलेजमध्ये अधिकांशले निर्वाह भत्ता दिन अटेरी गरेका छन्। मणिपाल अस्पतालले निर्वाह भत्ता दिएको छ। सबै आवासीय चिकित्सकहरूले निर्वाह भत्ता नपाएसम्म र कार्यस्थल सुरक्षित नभएसम्म आन्दोलन नछाड्ने अडान आवासीय चिकित्सकहरूको छ।

विद्यालय शिक्षा विधेयकमाथि छलफल गर्न १० दिन म्याद थप

काठमाडौं/ विद्यालय शिक्षा विधेयकमाथि दफावार छलफल गर्न र टुंगोमा पुऱ्याउन गठित शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिअन्तर्गतको उपसमितिको म्याद थपिएको छ। ३५ दिने समयसीमा सकिएपछि थप १० दिन म्याद थप भएको हो। १८ चैतदेखि काम थालेको उपसमितिको ३५ दिने समय आइतबार सकिएको थियो। समितिका सभापति अम्मरबहादुर थापाले काम बाँकी रहेको र समय सकिएपछि म्याद थप भएको बताए। 'छलफल सकियो तर प्रतिवेदन लेख्न समय लाग्छ, सोहीकारण १० दिनको म्याद थप भयो,' उनले भने, '१६३ वटा दफामा छलफल सकिएको छ, प्रतिवेदन तयार पारेपछि समितिमा पेस हुन्छ, त्यसपछि एकसरो छलफल गरेपछि टेबुल हुन्छ।' यसअघि सरकारले १५ असारभित्र ऐन ल्याउने गरी शिक्षक महासंघसँग प्रतिबद्धतासहित सहमति गरिसकेको छ।

शिक्षकहरूसँगको सहमतिअनुसार नै ऐन समयमा आउने गरी काम गरिरहेको समितिका सभापति थापाले जानकारी दिए। उनका अनुसार उपसमितिले हरेक दफा केलाएर छलफल गरेको छ। शिक्षामन्त्रीसहितको उपस्थितिमा उपसमितिको बैठक निरन्तर बसेपछि अप्ठयारा दफामा पनि छलफल छिटो टुंगिएको सभापति थापाको भनाइ छ। सरकारले विद्यालय शिक्षा विधेयकलाई थप अघि बढाउन ९ चैतमा सांसद छविलाल विश्वकर्माको संयोजकत्वमा उपसमिति गठन गरेको थियो। तर, उपसमिति गठन भएको नौ दिनपछि मात्रै काम थालिएको थियो। पछिल्लोपटक शिक्षकहरूले आन्दोलन चर्काएपछि उपसमितिको कामले तीव्रता पाएको थियो।

महारानीझोडामा जग्गा धनीपुर्जा वितरण सुस्त

करिब आठ हजार धनीपुर्जा वितरण गर्नुपर्ने, तर म्याद थपिँदासम्म १८० वटा मात्रै वितरण

झापामा चिरञ्जीवी घिमिरे

झापाको गौरादह नगरपालिका वडा नम्बर ४ र ५ (साबिकको महारानीझोडा)का चार हजार घरधुरीका करिब आठ हजार कित्ता जग्गाको नापी प्रमाणित हुन सकेको छैन। विगतदेखि बनेका विभिन्न आयोगले स्थानीयको धनीपुर्जामाथि थप धनीपुर्जा दिने काम गऱ्यो। तर, धनीपुर्जा चलेन। यो विषय पटक-पटक चुनावी मुद्दा पनि बन्यो। तर, त्यहाँका नागरिकको सास्ती उस्तै रह्यो। विगतमा पाएका धनीपुर्जा काम नलाग्ने कागजका चिर्कटोभैं छन्। त्यहाँका स्थानीयले त्यो धनीपुर्जाबाट न कित्ताकाट गर्न पाउँछन्, न धितो राखेर ऋण लिन पाउँछन्। जग्गामा सिमाना विवाद आयो भने समाधानको कुनै उपाय छैन। किनकि जग्गाको नक्सा छैन।

झापा ५ बाट निर्वाचित एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री बनेपछि २४ साउन ०८१ मा यहाँको जग्गासम्बन्धी समस्या समाधान गर्न सरकारले गठन आदेशमार्फत समिति बनाएको छ। आदेशअनुसार विशेष नापी कार्यालय दमकका प्रमुखको दिलीपकुमार सिंहको अध्यक्षतामा ६ सदस्यीय समिति गठन भएको छ । यो समितिलाई सुरुमा ६ महिनाभित्र धनीपुर्जा वितरण गरिसक्ने कार्यादेश दिइएको थियो। तर, त्यो ६ महिनामा कामले गति लिन नसकेपछि थप ६ महिना म्याद थपिएको छ। थपिएको म्यादमा पनि काम भने सुस्त छ।



गौरादह- ५ मा जग्गा दर्ताका लागि आएका जग्गाधनी।

गौरादह वडा नम्बर ४ र ५ मा करिब चार हजार घरपरिवारको आठ हजार कित्ताको धनीपुर्जा वितरण गरेर उनीहरूको नक्सा प्रमाणित गर्नुपर्नेछ। तर, यो अवधिमा १८० वटा मात्र धनीपुर्जा वितरण गर्न सकिएको समितिका अध्यक्षसमेत रहेका विशेष नापी कार्यालय दमकका निमित्त प्रमुख दिलीपकुमार सिंहले बताए। गत मंसिरमा प्रधानमन्त्री ओलीले केही धनीपुर्जा वितरण गरेका थिए भने केही धनीपुर्जा गौरादह नगर प्रमुख छत्रपति सुवेदीले बाँडेका थिए। त्यसपछि भने अहिलेसम्म धनीपुर्जा वितरण हुनसकेको छैन। 'पहिलो ६ महिनामा काम नसकिएपछि थप ६ महिना थपिएको छ। हालसम्म हामीले १८० वटा धनीपुर्जा वितरण गऱ्यौं। योसहित ५६६ वटा धनीपुर्जा तयारी अवस्थामा छ,' उनले भने, 'हामीले करिब आठ हजार कित्ताको धनीपुर्जा वितरण गर्नुपर्नेछ। हामीलाई शतप्रतिशत काम गर्न आदेश छ, त्यहीअनुसार गरिरहेका छौं। तर, खासै अघि बढेको छैन।'

समितिले गौरादह- ५ को वडा कार्यालयमा कार्यालय खडा गरेर जग्गा दर्ताको काम गरिरहेको छ। यद्यपि, जग्गाधनीको सहभागिता कम हुँदा काम अपेक्षाकृत हुन नसकेको उनी बताउँछन्। 'हामी काम त गरिरहेका छौं। तर, काम अलिकति कमै छ। जग्गाधनी नै नआएपछि हामीले कसरी गर्ने,' उनले भने, 'जग्गा घटीबढी देखिएमा काम गराउन मान्दैनन्। हामीले जानकारी सबैलाई गराएका छौं।'

समितिले ०३४ को महारानीझोडा जग्गा दर्ता समितिको नक्सालाई आधार बनेर जग्गा दर्ताको निर्णय गरिरहेको अध्यक्ष सिंहले बताए। उनका अनुसार यसपटक धनीपूर्जा प्राप्त गर्ने जग्गाधनीको धनीपुर्जा भने चल्नेछ। समितिको म्याद सकिएपछि मालपोत र नापीमा बुझाउने उनले बताए। 'हामीले समय अवधिमा कति काम सकिन्छ। त्यसअनुसार मालपोतमा पुर्जा र प्लेस्ता, नापीमा फिल्डबुक र नक्सा बुझाउँछौं,' उनले भने, 'त्यसपछि बाँकी रहेको काम त्यतैबाट हुन्छ। नयाँ दर्ता गराएर जग्गाधनी प्रमाण पुर्जा लिनेको नक्सा र धनीपुर्जा त्यहीवेलादेखि चल्न थाल्छ।'

गौरादह नगरप्रमुख छत्रपति सुवेदीले यसपटक भने महारानीझोडाको लामो समयदेखिको समस्या समाधान हुनेमा यहाँका स्थानीय दुक्क रहेको बताए। 'समितिले प्रक्रियाअनुसार काम गर्दै छ। अब थपिएको समयमा काम सक्छ भन्ने हाम्रो अपेक्षा हो,' उनले भने, 'जग्गाधनी पुर्जा कम वितरण भए पनि काम भने धेरै भएको छ। दर्ता गर्ने निर्णयचाहिँ कति भयो भन्ने हेर्नुपर्छ।' नयाँ धनीपुर्जा वितरण गर्न काम अघि बढेपछि आशावादी बनेको गौरादह- ५ का स्थानीय गोविन्द कठायतले बताए।

अम्बेडकर पार्कको विरोध किन ?

अम्बेडकर पार्क बन्नु दलितका लागि मात्र नभई सम्पूर्ण शोषित, अपहेलित एवं वञ्चितीकरणमा परेका सीमान्तकृत समुदायका लागि आत्मसम्मानको विषय हो



● राजेश विद्रोही

अग्रलेख

१५ वैशाखमा सिराहाको ऐतिहासिक धार्मिक स्थल सलहेस फूलबारीछेवैमा एक दाताले दिएको १० धुर जमिनमा विश्व दलित इतिहासका प्रेरक व्यक्तित्व भारतीय संविधानका सर्जक डा. भीमराव अम्बेडकरको प्रतिमा स्थापना कार्यको मधेश प्रदेश सरकारले एक करोड लागतमा शिलान्यास गऱ्यो । सो कार्यको मधेशका मुख्यमन्त्री सतीशकुमार सिंह, जनमत पार्टीका अध्यक्ष सिके राउतलगायत साक्षी बने । तर, शिलान्यास कार्यक्रम सम्पन्न हुँदानहुँदै सलहेस फूलबारीमा किन अम्बेडकर भन्दै विरोधका आवाज उछालिए । मलीन स्वरमा कोही समर्थनको कित्तामा पनि उभिए । आश्चर्य त के भने दलित समुदायका र सचेत मानिसले समेत सलहेसको छेउमा अम्बेडकर किमार्थ हुँदैन भन्दै उहाँलाई विदेशी करार गरी विरोध गरेको देखियो । बुझ्नुपर्ने के छ भने विरोध गर्नेमध्ये कैयौँलाई न त सलहेसप्रति कुनै सम्मान छ, न अम्बेडकरप्रति नै । उनीहरूले मालिक रिझाउने ठुलै खुराक पाएका छन् । यसलाई उनीहरूले दलितमाझ फुट पैदा गर्ने अस्त्रसमेत बनाउन खोजेको देखियो ।


संकुचित सोच भएका पूर्वाग्रही केही मानिसका लागि अम्बेडकर विदेशी होलान् । तर, धेरैका लागि उनी मानवतावादका एक जाज्वल्यमान व्यक्तित्व हुन्, एक विश्व मानव हुन् । जात, नश्ल, वर्णभेदका सिकार करोडौँ प्रताडितका लागि उनी एक मुक्तिपथ हुन् । भारतीय उपमहाद्वीपमा महाकलंकका रूपमा रहेको मनुवादी जात व्यवस्थाको जाँतोमा हजारौँ वर्षदेखि पिसिन बाध्य भएकाहरूका एक मात्र आशाका पुञ्ज हुन् । मानवताका एक सच्चा पुजारी हुन् । लोकतन्त्रका पथप्रदर्शक हुन् । यसर्थ, उनी विदेशी होइनन् । झन्, ६० लाख दलितका लागि त उनी प्रेरणापुञ्ज हुन्, देवतुल्य मुक्तिदाता हुन् । यसर्थ, सहलेस फूलबारीको छेवैमा डा. अम्बेडकरको मूर्ति स्थापना गर्नुजत्तिको अर्थपूर्ण अरू के हुन सक्छ ? यो त सुनमा सुगन्ध थपिएको हो । दलित मात्रै होइन, सम्पूर्ण शोषित, अपहेलित एवं वञ्चितीकरणमा परेका सीमान्तकृतले यसको मुक्तकण्ठले प्रशंसा गर्नुपर्ने हो । हामी किन विरोध गर्दै छौँ ? हामीलाई कसले उक्साउँदै छ ? हामीमा यसको विरोध गर्नुपर्ने विचार कसरी पलायो ? यी प्रश्नमा चिन्तनमनन गर्नु जरुरी छ ।

नेपालको छुट्टै दलित इतिहास छ, थुप्रै दलित सहिद पनि छन् । सलहेसलगायत दलितका धार्मिक ऐतिहासिक प्रशस्त स्थल छन् । यिनको कुनै संरक्षण छैन । भारतमा जन्मिएका र भारतीय संविधान (१९४७) का प्रणेता अम्बेडकरको सालिक नेपालमा किन बनाउनुपऱ्यो भन्ने तर्क गर्दा हामी के बिर्सिन्छौँ भने केही दशकअघिसम्म नेपालका दलितलाई ठुला जातकाले मार्दा खतबात लाग्दैनथ्यो । हाम्रो जीवनको कुनै मूल्य थिएन । हामीलाई सम्पत्ति राख्ने हक थिएन । राखे दण्डनीय अपराध मानिन्थ्यो । हामीले पढ्नु महाअपराध मानिन्थ्यो । किनकि, पढेलेखे, जान्नेबुझ्ने भए मनुवादी वर्ण व्यवस्थाको भेद खुल्थ्यो । दलित समुदायले चुकाएको मूल्य, सहेको दलन, सकस, प्रताडना बेहिसाब थियो, छ र अझै रहने निश्चित छ ।

१९१० को मुलुकी ऐनको धङधडी अझै नेपालको कानुनी प्रणालीमा विद्यमान छ । प्रहरी, प्रशासन अझै पनि दलितविरोधी छन् । सामाजिक प्रणालीमा छुवाछुत, उँचनिचको भाव उत्तिकै जिम्दो छ । यस्तो अवस्थामा जात व्यवस्थाका कट्टर आलोचक एक दलित महामानव नेपाली वृत्तका लागि पाच्य हुने कुरै भएन । केही दलितले भने कुरा नबुझेर विरोध गरेका हुन् । केहीको नजरमा दुसाध जातिका धार्मिक लोकनायक सलहेसको आफ्नै मौलिक इतिहास छ । उनको ठाउँमा अम्बेडकर पार्क किन ? अन्य ठाउँमा स्थापना गरे पनि हुन्थ्यो भन्ने पार्न खोजिएको छ । यो दलितभित्रै लडाउने, भिडाउने, फुटाउने र राजनीतिक रोटी सेक्ने काम हो । त्यो पनि थोरै जमिनजस्ता तर्क दिएर नकारात्मक हुन उक्साउन खोजिएको छ । धेरै र अझ राम्रो स्थानमा दलित आन्दोलनका अभिप्रेरणा अम्बेडकरको प्रतिमा राखी बर्गैंचा किन नबनाएको र किन यहीँ बनाउनुपरेको भनी भ्रम सिर्जना गर्ने प्रयास गरिएको छ ।

यो देशमा १३ प्रतिशत दलित छन् । मधेश प्रदेशमा दलितको संख्या अझ धेरै छ । यहाँ १८ प्रतिशतभन्दा बढी जनसंख्या दलितको छ । दलितको यो संख्या अहिलेका सत्तासीन राजनीतिक दल र शासक वर्गका लागि आकर्षक भोट हो । तैपनि, दलित नेतृत्व र समुदाय पाइला, पाइलामा चुक्दा उनीहरू उपल्ला जातका शासकका गोटीमै सीमित हुन पुगेका छन् । दलितका सम्पदाको संरक्षण उनीहरूको प्राथमिकता होइन, हेलाको विषय बन्दै आएको छ । सहलेसमाथि अम्बेडकर थपिँदा उच्च जातका शासकका लागि बिझ्ने नै भयो । सहलेसको अस्तित्व मेट्न अम्बेडकर ल्याइयो भन्ने पार्न सकिए, दलितबिच फुटको राम्रै बीजारोपण हुने पनि केहीलाई लागेको छ । तर, सहलेस र अम्बेडकर दुवै हाम्रा लागि उत्तिकै ग्राह्य, उत्तिकै सम्माननीय छन् ।

अम्बेडकर पार्क बन्दै गरेको जमिन सानो भएकाले पनि केहीलाई चित्त नबुझेको हुन सक्छ । तर, ठुलो ठाउँका लागि पहल नभएको भने होइन । हामीलाई ठुलो र राम्रो स्थान कसले उपलब्ध गराइदिन्छ ? नेपाली दलित समुदायमध्ये पनि मधेशी दलितको अवस्था आम रूपमा सोचेभन्दा फरक र दयनीय छ । यहाँ पनि यहाँका दलित



अनागरिकको हैसियतमा पशुवत् जीवन बाँच्न विवश छन् । भूमिहीन सुकुम्बासी तथा बेरोजगारीको अवस्था उस्तै विकराल छ । अझै पनि यहाँका दलित र दलित बस्ती समाजिक विभेदको हिसाबले बस्तीको छेउकुनामै सीमित छन् । खोलानालालगायत सार्वजनिक जग्गामै कैद छन् । जनता आवास र सुरक्षित आवास आदिका नाममा चलेको राज्यको राजनीतिक व्यापार पनि त्यतै दृष्टिगोचर हुन्छ । हो, अम्बेडकर पार्क निर्माणका लागि जुन स्तरबाट पहल र चिन्तन हुनुपर्थ्यो, त्यसमा कमी भएकै हो । तसर्थ, यो पार्क निर्माणको अभियान पनि जातीय विभेदको मनोविज्ञानबाट ग्रसित हुन पुगेको छ । तथाकथित शासक समुदाय वा बिरादरीको कुनै व्यक्तिको सालिक भइदिएको भए यस्तो पक्कै हुने थिएन । तर, यो पऱ्यो उनीहरूको नजरमा अछुत दलितको सालिक । त्यसैले यसलाई अतिरञ्जित गर्ने काम भएको हो ।

> सिराहाको ऐतिहासिक सलहेस फूलबारीछेउमा अम्बेडकर पार्क निर्माण गर्नु सलहेस इतिहासमाथिको प्रहार होइन, बरु सलहेस इतिहासलाई सिंहदरबार र मधेशका नश्लवादी शासकले आजसम्म दबाएर अछुतका रूपमा राखिएको अवस्थाबाट निकालेर विश्वमाझ स्थापित गर्नु हो

डा. अम्बेडकर जन्मँदा हिन्दु सनातनी घरकै थिए । पछि आफ्नो जातीय र धार्मिक सामाजिक विभेदविरोधी संघर्षका क्रममा दलित विपन्न समाजमाथि हिन्दु सनातन संस्कृतिले गरेको विभेदबाट आजित भएर विद्रोह गरी उनले बुद्धधर्म अनुसरण गरे । । कैयौँलाई नेपालका दलितले पनि कतै यस मामिलामा अम्बेडकरकै सिको गर्ने हुन् कि भन्ने भय पनि छ । दलित समुदायमाथि केही कथित हिन्दु अतिवादी योजनाबद्ध ढंगले दलित समुदायलाई विभेदको सिकार बनाउने गरी दलितविरोधी गतिविधिमा सामेल छन् । यसले दलित हिन्दुत्वलाई समेत उनीहरूको विभेदकारी गतिविधिले हिन्दु परित्याग गर्न प्रेरित गरिरहेको छ । धर्मका नाममा विभेद जोगाउनु किमार्थ उचित होइन । यस्ता कुसंस्कार र संस्कृतिलाई भत्काउँदा मात्र धर्म जोगिन्छ । धर्म अधर्म होइन, धर्मजस्तै देखिनेछ ।

भारतसँग नेपाल र नेपाली जनताको सम्बन्ध त्यसमा पनि मधेशी जनताको सम्बन्ध समाजिक, आर्थिक, राजनीतिक तथा धार्मिक, सांस्कृतिक तथा भौगोलिक रूपमा समेत 'अर्गानिक' किसिमको छ । बेटीरोटीको सम्बन्ध झल्काउन हरेक वर्ष राम-सीता विवाह सम्बन्धलाई विवाह पञ्चमीका रूपमा मनाइन्छ । यो सम्बन्ध र इतिहासलाई जीवित राख्न दुवै देशले हरेक वर्ष ठुलो धनराशी खर्च गर्छन् । केहीअगाडि धार्मिक सांस्कृतिक प्रगाढताका लागि नेपालले भारत सरकारलाई देवशिला दिएको थियो । त्यो शिला अयोध्या पुगेको छ । नेपाललगायत धेरै देशमा गान्धी, मन्डेला, माओ, लेनिन, मार्क्स, राम, सीता, लक्ष्मण, जनकलगायतका सालिक र प्रतिमा छन् ।

के उनीहरूमाथि यस्ता प्रश्न उठेका छन् ? कुरा त्यति मात्र छैन, सन् १९५६ मा अम्बेडकर कानुनमन्त्रीका रूपमा नेपाल आउँदा तत्कालीन राजा महेन्द्र उनको भाषणबाट प्रभावित भएर नेपालमा जातीय छुवाछुत कम गर्नेतर्फ अग्रसर भएका थिए । विभूति निश्चित ठाउँ या देशको हुँदैन । त्यो संसारको सम्पत्ति र विचार हो । डा. अम्बेडकर त मानवजातिका लागि नै उदाहरणीय व्यक्ति हुन्, विश्व विचार हुन् । उनको विचार, दृष्टि र व्यक्तित्वलाई भारतले मात्र पुज्दैन, संसारले नै पुज्छ । उनी भारतीय संविधानका प्रणेता मात्र होइनन् । अमेरिका, जापान, श्रीलंका, बेलायत, अस्ट्रेलिया, क्यानडालगायत संसारका धेरै देशमा उनको सालिक, पार्क र प्रतिमा स्थापित छन् । धेरै विश्वविद्यालयमा अम्बेडकरबारे पढाइ हुन्छ । लन्डनको म्युजियममा कार्लमार्क्सको सालिकसँगै अम्बेडकरको सालिक पनि छ । कोलम्बिया विश्वविद्यालयले सन् २००४ मा विश्वभरिका एक सय एक विद्वान्को नाम सूचीकृत गरेकामा अम्बेडकरलाई पहिलो नम्बरमा राखेको थियो । यतिसम्म कि उनलाई संसारका विभिन्न धर्मावलम्बीले देउताका रूपमा समेत पुज्छन् । नेपालकै केही महान् व्यक्तिहरू गौतम बुद्ध, अरनिको, भानुभक्त आचार्य, बिपी र धार्मिक रूपमा पशुपतिनाथ, सिद्धगणेशलगायतलाई भारत, थाइल्यान्ड, श्रीलंका, जापान, चीन, भियतनाम, म्यानमार, कम्बोडिया, लाओस, दक्षिण कोरिया, अमेरिका, बेलायत, फ्रान्स, अस्ट्रेलिया जर्मनी आदि थुप्रै मुलुकमा पुज्छन् । उनीहरूको सालिक, प्रतिमा र पार्क छन् । के उल्लिखित देश र त्यहाँका नागरिक नेपालीभन्दा चिन्तनमा कमजोर भएर त्यसो भएको हो ? यसर्थ, सिरहाको ऐतिहासिक सलहेस फूलबारीछेउमा अम्बेडकर पार्क निर्माण गर्नु सलहेस इतिहासमाथिको प्रहार होइन, बरु सलहेस इतिहासलाई सिंहदरबार र मधेशका नश्लवादी शासकले आजसम्म दबाएर अछुतका रूपमा राखिएको अवस्थाबाट निकालेर विश्वमाझ स्थापित गर्नु हो । सलहेस इतिहास जोडिएका वरिपरिका चार स्थान पोखडियागढ, मानिकदह, ढोडनालगायत स्थानको महत्त्व झनै बढ्नेछ । नजिकै सप्तरीसँग जोडिएको मुसहर समुदायका कुल देउता दिनाराम दिनाभद्रीजस्ता दलित इतिहासमाथि सबैको चासो बढ्नेछ । यसबाट रिसर्च अनुसन्धान गर्ने लहर संसारभर पैदा हुन सक्छ ।

अम्बेडकर पार्क सलहेस फूलबारीभन्दा अलग स्थापना गर्दाको महत्त्व र सँगै स्थापना गर्दाको महत्त्वमा ठुलो अन्तर छ । ठाउँ साँघुरो भयो भन्ने पाटो बहसको विषय हुन सक्छ । तर, पार्क स्थापना कार्य गलत भने भएको छैन । यसलाई झन् कसरी विश्वव्यापीकरण गर्न सकिन्छ, बरु सबै त्यसतर्फ लागौँ । ठाउँ सानो भयो भनेर यसलाई कसरी ठुलो गर्न सकिन्छ, बरु समय त्यतातिर खर्चौं । नेपालका केन्द्रीकृत तथा मधेशी नश्लीय शासकले मधेशी दलितलाई न्याय नदिएको अवस्थामा बरु यसले थोरै भए पनि विचार र व्यापकताको हिसाबले सांसारिक न्याय दिनेछ । विश्व दलित इतिहासको एउटा ठुलो कडी नेपालबाट जोडिनेछ । यो ऐतिहासिक कार्यले थोरै भए पनि अहिलेको अवस्थामा दलित समुदायले न्यायको अनुभूतिसँगै गर्वको सास फेर्नेछन् ।

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **विमल वाग्लेलाई**



सात सरकारी उद्योग निजीकरण गर्ने सरकारको निर्णय कस्तो छ ?

व्यापार निजी क्षेत्रले नै गर्ने हो, सरकारले होइन । निजी क्षेत्रले जस्तो सरकारले व्यापार गर्न सक्दैन । तर, यसो भन्दै गर्दा केलाई निजीकरणमा लाने, कसरी लाने, किन लाने जस्ता विषयमा पहिले प्रस्ट हुन जरुरी छ । साथै, निजीकरण गरिसकेपछि निजी क्षेत्रले त्यसलाई चलाउन सक्छ कि सक्दैन, नाफा कमाउन सक्छ कि सक्दैन, त्यो पनि हेर्नुपर्छ । निजी क्षेत्र सरकारलाई राहत दिन आउने होइन । ऊ नाफा कमाउने उद्देश्यले नै आउने हो । सार्वजनिक उद्योगलाई निजीकरणमा लाँदै गर्दा निजी क्षेत्रले पनि उद्योगको 'इफिसिएन्सी' हेरेर मात्र हात हाल्नु ठिक हुन्छ ।

यस्ता उद्योगको स्वामित्वमा रहेको जग्गा र सम्पत्तिको उपयोग कसरी गर्नु ठिक हुन्छ ?

सार्वजनिक उद्योगलाई निजीकरण गर्दै गर्दा 'बिजनेस' गर्न अत्यावश्यक 'एसेट' मात्र दिइयो भने त्यसको दुरुपयोगको सम्भावना रहँदैन । विगतमा भक्तपुर इँटालाई निजीकरण गर्दा उसलाई जग्गा दिइएन । जग्गा लिजमा दिइयो । फ्याक्ट्री चलाउन अत्यावश्यक मेसिनरी मात्र दिइयो । यसो गर्दा लिनेले उद्योग चलाएर नाफा लिने विषयमा मात्र सोच्छ । तर, यसो भन्दै गर्दा जग्गा दिँदै नदिने भन्ने पनि हुँदैन । उद्योगको प्रकृति हेरेर यसबारे निर्णय लिन सक्नुपर्छ ।

विगतका निजीकरणबाट सिक्न अहिले कति जरुरी छ ?

विगतमा निजीकरणमा गएका सबै उद्योग रुग्ण अवस्थामा छैनन् । कतिपयले राम्रै नाफा कमाइरहेका छन् । निजीकरण गर्दैगर्दा उसलाई नाफा कमाउने 'स्पेस' दिनुपर्छ । निजी क्षेत्रले आफू पब्लिक सेक्टर भएको भए के गर्थे भन्ने सोच्नुपर्छ भने पब्लिक सेक्टरले पनि आफू निजी क्षेत्र भएको भए के गर्थे भन्ने सोच्नुपर्छ । दुवैले एअर्काको सहयोगी बन्न सक्नुपर्छ ।

प्रेरक प्रसंग

बुद्ध र किसान

धेरै वर्ष पहिलेको घटना हो । त्यतिखेर बुद्ध पहिलोचोटि वर्तमान नेपालको राजधानी काठमाडौं अर्थात् तत्कालीन 'नेपाल' राज्यमा पुगेका थिए । बुद्ध नेपाल राज्यमा पुग्दा यहाँ किराँतवंशी राजाको शासन चलिरहेको थियो । बुद्ध हरेक बिहान भिक्षाटनका लागि निस्किन्थे । साथमा उनका केही निकट भिक्षुहरू पनि हुन्थे । तत्कालीन नेपालका सबैजसो नागरिक खेती-किसानीबाटै आफ्नो गुजारा चलाउँथे । बुद्ध एकजना किसानको द्वारमा पुगे र भिक्षाका लागि आग्रह गरे । किसान बाहिर निस्किए । उनले केही सन्तलाई हातमा भिक्षापात्र लिएर आफ्नो ढोकासामु उभिइरहेको देखे । किसानले भने- हे सन्तहरू हो, म एउटा किसान हुँ । म निकै कठोर परिश्रम गरेर धर्तीबाट अन्न उब्जाउँछु । अनि, कुनै परिश्रम नगर्ने तपाईंहरूलाई म किन भिक्षादान गरूँ ?



किसानको प्रश्न सुनेपछि बुद्ध मुसुक्क मुस्कुराए शान्त स्वरमा जवाफ दिए- महोदय, म पनि त एक किसान नै हुँ । तपाईं खेतबारीमा खाद्यान्नको खेती गर्नुहुन्छ । म ज्ञानको खेती गर्छु । आत्मा नै मेरो खेतबारी हो । म आफ्नो ज्ञानको हलोद्वारा खेतबारी जोत्छु । त्यसमा श्रद्धाको बीज रोप्छु । अनि, साधना र तपस्याको जलद्वारा त्यसलाई अभिसिञ्चित गर्छु । सत्य र अहिंसाका औजारद्वारा तिनको नियमित गोडमेल गर्छु । यदि तपाईंले आफ्नो खेतीबाट केही अन्न मलाई भिक्षामा दिनुभयो भने म पनि आफ्नो खेतीको केही भाग तपाईंलाई भिक्षाका रूपमा दान गर्न सक्छु ।

चुपचाप बुद्धका गहन कुरा सुनिरहेका किसान बुद्धको भनाइबाट निकै प्रभावित भए । उनले तत्कालै बुद्धको शिष्य बन्ने निर्णय गरे । बुद्धले पनि उनलाई सहर्ष आफ्ना शिष्य बनाए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यथार्थ के हो प्रधानमन्त्रीज्यू ?

प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीको बैठकदेखि मन्त्रिपरिषद् बैठकसम्म प्रधानमन्त्री निवास बालुवाटारमै राख्न थालेको समाचार पढियो । प्रधानमन्त्रीका लागि देशको प्रमुख प्रशासकीय भवन सिंहदरबारभित्र अत्याधुनिक सुविधासम्पन्न कार्यालय छ । त्यसका लागि राज्यकोषबाट मोटो रकम खर्चेर सजावट पनि गरिएको छ । तैपनि, प्रधानमन्त्री ओली आफ्नो कार्यालय नगई निवासबाटै दल र मन्त्रिपरिषद्को बैठक चलाइरहेका छन् । यसबाट केपी ओली सुशासन होइन, कुशासन चलाउन चाहन्छन् भन्ने प्रस्ट हुन्छ । कि त उनी बुद्यौली र स्वास्थ्य समस्याका कारण सिंहदरबारसम्म पुग्न सक्ने अवस्थामा नभएकाले निवासमै बैठक राखिएको हुन सक्छ । यथार्थ के हो प्रधानमन्त्रीज्यू ?

● **सुस्मिता गजुरेल**, गोठाटार, काठमाडौं

गृहमन्त्रीको दादागिरी किन ?

गृहमन्त्री बन्नुअघि काग्रेस नेता रमेश लेखक शालीन र भद्र नेता लाग्थे । उनी गृहमन्त्री बन्दै गर्दा आशा पनि जागेको थियो । तर, अहिले उनका हरेक गतिविधि कुनै न कुनै विवादमा परेकै देखिन्छन् । अहिले आफ्नो गृहजिल्लामा सीधै ठेक्का दिने उद्देश्यले कञ्चनपुरलाई विपत् संकटग्रस्ट क्षेत्र घोषणा गर्ने तयारी भइरहेको सुनियो । यो सब उनका आसेपासेलाई ठेक्का दिने दाउसिवाय केही होइन । जनताको मायाले उनले यस्तो गरेका होइनन् ।

● **सौरभ परियार**
बुटवल, रुपन्देही

सरकारी उद्योगको निजीकरण किन ?

सरकारले सात सरकारी उद्योग निजीकरण गर्ने निर्णय गरेको समाचार पढियो । अर्बौंको सम्पत्ति भएका र उत्पादनको बजारमा उच्च माग भएका उद्योगलाई निजीकरण गर्दा त्यति ठुलो सरकारी सम्पत्ति, जग्गा आदिको भविष्य के हुन्छ ? के यसबारे सरकारले कुनै 'मोडालिटी' बनाएको छ ? छ भने तत्काल सार्वजनिक गरियोस् र छैन भने तत्काल बनाइयोस् । नत्र, त्यत्तिकै हचुवामा कुनै पनि सरकारी स्वामित्वका उद्योगलाई निजीकरण गर्नु भनेको भ्रष्टाचार गर्नु हो ।

● **सोम तामाङ**
किलागल, काठमाडौं

पार्टी नेताको विचारमा चल्ने हो ?

सिद्धान्तले पार्टी चल्ने दिन गए । अब नेताको विचारले पार्टी चल्छन् । यो दल या त्यो दल होइन, हरेक दलमा यही नीति बनिसक्यो । पार्टीका सिद्धान्तलाई नेताहरूले तिलाञ्जली दिइसके । संसारमा कहीँ नभएको राजनीतिक खेल नेपालमा भएको देख्दा अचम्म लाग्छ । ठुल्ठुला भाषण गर्ने नेताहरूले आफ्नो कर्तव्य के हो, भन्ने कहिल्यै बुझ्न सकेनन् । उनीहरू जहिल्यै कुर्सीकेन्द्रित राजनीतिमा रमाए । जनताको आवश्यकता के हो नेताले बुझ्न सकेनन् । स्टन्ट देखाएर देश बनाउन हिँडे । भोट हालेर नेता बनाउने जनतालाई नै नचिन्ने भए ।

अहिलेको लगभग दुईतिहाइको सरकारले जनहितमा केही पनि काम गर्न सकेन । सरकार ढल्छ कि भनेर चौतर्फी सुरक्षा सतर्कता अपनाउनुबाहेक केही काम गरेन । जनताले सरकार कहाँ छ भनेर दिउँसै टुकी बाल्नुपर्ने अवस्था आएको छ । आगामी दिनमा प्रधानमन्त्री पद पाइने लोभमा डुबेको काग्रेस सरकारले जे गरे पनि चुप देखिन्छ । काग्रेसले देश र जनताभन्दा पनि ठुलो सरकार देखेको छ । उसलाई भविष्यको भन्दा आगामी दिनमा हात पर्न सक्ने प्रधानमन्त्री पद ठुलो र प्यारो छ । सरकार झन्झन् तानाशाह बन्दै अगि बढिरहेको छ । प्रतिपक्षीको आवाज नै नसुन्ने सरकारले जनताको आवाज झन् के सुन्ला ? प्रधानमन्त्री केपी शर्मा ओलीलाई जनताले सोच भएका नेता ठान्थे । त्यो सब उनीहरूको भ्रम रहेछ भन्ने अहिले प्रस्ट देखिएको छ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

जातीय जनगणनाको अर्थ

जातीय जनगणनाको निर्णय दीर्घकालमा प्रत्युत्पादक हुन सक्छ, किनभने भाजपासँग न सामाजिक न्यायप्रति वैचारिक प्रतिबद्धता छ, न सांगठनिक संरचना



देश / विदेश

● नलिन बर्मा

पहलगाम आतंककारी हमलाको आठ दिनपछि जब राष्ट्र, विपक्ष र स्वयं भारतीय जनता पार्टी (भाजपा) कै कार्यकर्ता पनि आतंककारीविरुद्ध कडा कारबाहीको अपेक्षा गरिरहेका थिए, त्यही वेला प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले जातीय जनगणना गर्ने घोषणा गरेको छ । यो आकस्मिक निर्णयले पूरै देशलाई अचम्मित बनाएको छ । प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राजनीतिक मामिलासम्बन्धी मन्त्रिमण्डलको बैठक यति हतारोमा किन सञ्चालन भयो भन्ने प्रश्नसमेत उठेका छन् ।

निःसन्देह काग्रेस नेता राहुल गान्धीले जातीय जनगणनालाई आफ्नो राजनीतिक एजेन्डाको केन्द्रबिन्दु बनाएका छन् । उनी दशकौँदेखि यो माग उठाइरहेको समाजवादी पार्टी र राष्ट्रिय जनता दलजस्ता क्षेत्रीय दलसँग पनि उभिएका छन् । गान्धीले यो मागलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सशक्त रूपमा उठाउँदै काग्रेसको एजेन्डालाई सामाजिक न्यायकेन्द्रित समाजवादी दलको एजेन्डासँग समन्वयमा ल्याएका छन् ।

यता राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को छातामुनिका हिन्दु अतिवादी संगठन र राजनीतिक दल (संघ परिवार) ले जातीय जनगणनाको कडा विरोध गरेका छन् । यसमा प्रधानमन्त्री मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह र उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ अग्रपंक्तिमा पर्छन् । सन् २०२३ मा नितिश कुमारको नेतृत्वमा तेजस्वी यादव र काग्रेसको समर्थनमा बिहारमा जातीय सर्वेक्षण गरियो, तब मोदीले त्यसलाई 'हिन्दु समाजलाई जातिका आधारमा बाँड्ने पाप' गरेको आरोप लगाएका थिए ।

भाजपाको समर्थन प्राप्त कानुन व्यवसायीले सो जनगणनालाई लिएर उच्च न्यायालय र सर्वोच्च अदालतमा चुनौती दिए । साथै, बिहार सरकारले आरक्षित वर्गका लागि सरकारी रोजगारीमा आरक्षणको सीमा ६५ प्रतिशत पुऱ्याउने निर्णयको पनि विरोध भइरहेको छ । आरएसएसले पटक-पटक जातीय आरक्षणमा पुनर्विचार गर्नुपर्ने माग उठाउँदै आएको छ । मोदी, शाह र आदित्यनाथले संघ परिवारको अगुवाइ गर्दै सन् २०२४ को लोकसभा र त्यसपछिका विधानसभा चुनावमा राहुल गान्धी, अखिलेस यादव, लालुप्रसाद यादव र तेजस्वी यादवमाथि 'जातिवादको विष फैलाएको' आरोप लगाउँदै तीव्र आलोचना गरेका थिए । यसबिच काग्रेस नेतृत्वको इन्डिया गठबन्धनले पहलगाम आक्रमणको कडा निन्दा गऱ्यो र प्रधानमन्त्री मोदीलाई आतंकवाद र पाकिस्तानको भूमिकाविरुद्ध कडा कारबाही गर्न आग्रह गऱ्यो । करिब तीन दशकपछि पहिलोपटक जम्मु-कस्मिरका जनता पीडितप्रति ऐक्यबद्ध हुँदै आक्रोशमा एकजुट देखिए । विपक्षले पनि आतंकवादी खतराप्रति सरकारको ध्यानकेन्द्रित रहेको देखेर जातीय जनगणनाको आफ्नो मागलाई केही समयका लागि स्थगित गरेको थियो । मैले कुरा गरेका केही राजनीतिक विश्लेषक र विपक्षी नेताका भनाइअनुसार मोदीको जातीय जनगणनासम्बन्धी घोषणा बिहारको चुनाव जित्नका लागि गरिएको रणनीतिक चाल हो । राष्ट्रिय जनता दलका राष्ट्रिय उपाध्यक्ष तथा वरिष्ठ समाजवादी नेता शिवानन्द तिवारीले 'पहलगाम आक्रमणपछि मोदीले घटनास्थलमा सुरक्षा बल, पीडित र स्थानीय नागरिकलाई भेट्न जानुको सट्टा बिहार पुगेर सम्बोधन गरे । उनले विगतमैं यस पहलगाम त्रासदीलाई पनि चुनावी फाइदाका रूपमा उपयोग गर्न खोजे । तर, उनलाई बिहारमा आतंकवादविरुद्धको कठोर भाषणले मतदाता आकर्षित गर्न सक्दैन भन्ने लाग्यो, त्यसैले उनले अचानक जातीय जनगणनाको समर्थन गरेर रणनीतिक



तस्बिर : पिटिआई

चाल चालेका छन्' भनेका छन् ।

चुनावी प्रभाव : अचानक गरिएको जातीय जनगणनाको घोषणाले बिहारमा भाजपा कार्यकर्ता र विपक्ष दुवैलाई अचम्ममा पारेको छ । पहलगाम हमलालाई साम्प्रदायिक रंग दिँदै मुसलमान समुदायलाई दोष दिइरहेका हिन्दुत्व समर्थक अहिले अलमलमा छन् । विपक्ष पनि अन्योलमा छ, किनभने भाजपा बिहारलाई 'गर या मर'को लडाइँका रूपमा अघि सार्दै छ, विशेषतः जब नितिश कुमारको प्रभाव कमजोर हुँदै गएको छ । तथापि, चुनाव अझै ६ महिना टाढा रहेकाले जातीय जनगणनाको निर्णयले कस्तो प्रभाव पार्छ भन्न कठिन छ । तर, यो पहिलोपटक हो, जब प्रधानमन्त्री मोदीले प्रतिपक्षको मुख्य एजेन्डा अँगालेका छन् ।

जातीय जनगणनाको उद्देश्य सीमान्तकृत समुदायलाई रोजगारी र सत्तामा अनुपातअनुसारको स्थान दिनु हो । तर, भाजपा विचारधारात्मक रूपमा यस्तो सामाजिक न्यायमूलक राजनीतिको सधैँ विरोधी रहिआएको छ । सन् १९९० मा जब मण्डल आयोगअनुसार ओबिसी (अन्य पिछडिएका जात) लाई २७ प्रतिशत आरक्षण लागू गरियो, तब भाजपा नेता लालकृष्ण आडवाणीले राम रथयात्रा निकाल्दै 'मण्डलविरुद्ध कमण्डल'को गहिरो विभाजन सिर्जना गरेका थिए । पछिल्ला ३४ वर्षदेखि भाजपाले राम, अयोध्या, मथुरा, काशी, बाबर, औरंगजेबजस्ता धार्मिक मुद्दा उठाउँदै सामाजिक न्यायका पक्षपाती क्षेत्रीय दललाई चुनौती दिँदै आएको थियो । तर, समाजवादी पार्टी र राष्ट्रिय जनता दलजस्ता उत्तर भारतीय दल सशक्त बन्दै गएका छन् भने काग्रेस पनि राहुल गान्धीको नेतृत्वमा अब सामाजिक न्यायको एजेन्डामा उनीहरूसँग उभिन थालेको छ । अखिलेस यादवको 'पिछडा, अल्पसंख्यक, आदिवासी (पिडिए)' रूपरेखामा आधारित काग्रेस-समाजवादी पार्टी गठबन्धनले सन् २०२४ को लोकसभा चुनावमा उत्तर प्रदेशमा ४३ सिट जित्यो भने भाजपा ३३ सिटमा सीमित रह्यो । यसले संसद्मा भाजपालाई अल्पमतमा झाऱ्यो । पछि हरियाणा र महाराष्ट्रमा भाजपाले जित हासिल गरे पनि ती जितमा 'धाँधली' भएको आरोप लाग्यो । मोदीको जातीय जनगणनाको निर्णय दीर्घकालमा प्रत्युत्पादक हुन सक्छ, किनभने भाजपासँग न सामाजिक न्यायप्रति वैचारिक प्रतिबद्धता छ, न त्यस्तो सांगठनिक संरचना, जुन काग्रेस र क्षेत्रीय दलसँग छ ।

(बर्मा वरिष्ठ पत्रकार, लेखक तथा सञ्चारशिक्षक हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २३ वैशाख ०८२

नीति तथा कार्यक्रममाथि छलफल सुरु

५१ वटा संशोधन प्रस्ताव



● **पुष्पकमल दाहाल 'प्रचण्ड'**, नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री

यसअघि देशको द्रुत र सन्तुलित विकासका लागि सघन अध्ययन र छलफलबाट अघि सारिएका राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिइएको छैन। अचम्म त के छ भने सरकारको नीति तथा कार्यक्रममा राष्ट्रिय गौरवका आयोजनाको नामसमेत उल्लेख गरिएको छैन।

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले १९ वैशाखमा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा संघीय संसद्का दुवै सभामा ५१ वटा संशोधन प्रस्ताव गरिएका छन्। सोमबारबाट सुरु भएको छलफलमा भाग लिँदै सांसदले नीति तथा कार्यक्रमका सकारात्मक तथा नकारात्मक पक्षमाथि बोल्दै परम्परागत र कर्मकाण्डी भएको टिप्पणी गरेका छन्।

नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नीति तथा कार्यक्रममा राष्ट्रिय गौरवका आयोजनाको नामसमेत उल्लेख नभएको बताए। 'यसअघि देशको द्रुत र सन्तुलित विकासका लागि सघन अध्ययन र छलफलबाट अघि सारिएका राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिइएको छैन। अचम्म त के छ भने सरकारको नीति तथा कार्यक्रममा राष्ट्रिय गौरवका आयोजनाको नामसमेत उल्लेख गरिएको छैन,' उनले भने, 'पूर्व-पश्चिम र उत्तर-दक्षिण सडकमार्ग, रेलमार्ग, सिँचाइ आयोजना, जलविद्युत्का कैयौँ माइलस्टोन परियोजना, अन्तर्राष्ट्रिय विमानस्थलजस्ता देश विकासको आधार तयार गर्ने आयोजनालाई पन्छाएर भ्युटावर र पानीजहाजका आयोजनालाई प्राथमिकता दिएर कस्तो समृद्धि हासिल गर्न खोजेको हो सरकारले ?'

यस्तै, पूर्वअर्थमन्त्री वर्षमान पुनले नीति तथा कार्यक्रम अस्पष्ट रहेको र बजेटमा चलखेल गर्ने गरी नीति तथा कार्यक्रम बनाइएको बताए। 'विगतमा नीति र कार्यक्रम साथसाथै प्रस्तुत गरिन्थ्यो। यसपटक नीति मात्र प्रस्तुत गरियो, कार्यक्रम प्रस्तुत गरिएन। यसले के शंका पैदा गरको छ भने एकातिर नयाँ नीतिमा सरकारले मिहिनेत गर्न नचाहेको वा नसकेको देखिन्छ। अर्कोतिर बजेटमा पर्याप्त चलखेल गर्न खोजेको जस्तो देखिन्छ।'

यस्तै, नीति तथा कार्यक्रमले संकटमा रहेको अर्थतन्त्र चलायमान बनाउन कुनै कार्यक्रम अघि नसारेको टिप्पणी पुनले गरे। नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी ग्रे लिस्टबाट बाहिर ल्याउने ठोस कार्यक्रम सरकारले नल्याएको भन्दै उनले आलोचना गरे।

यस्तै, सांसद डा. अमरेशकुमार सिंहले नीति तथा कार्यक्रममा सडक पूर्वाधारसम्बन्धी ठोस नीति नआएको टिप्पणी गरे। 'नारायणगढ-बुटवल सडकमा अन्तर्राष्ट्रिय बेइज्जत भइसक्यो। विदेशी टुरिस्टले भिडियो बनाएर सार्वजनिक गर्दै नेपालमा घुम्न नआउने भनेका छन्। यस्ता कुरालाई नीति तथा कार्यक्रमले सम्बोधन गरेको छैन,' उनले भने, '१० वर्षसम्म सडक बन्दैन। सनकका भरमा पानीजहाज कार्यालय राखेर करोडौँ रुपैयाँ नाश गरियो। अहिले नेपालमा पानीजहाज र रेल आवश्यक छैन। आवश्यक सडक हो। त्यो बनाइएको छैन। कमला पुलको निर्माण १५ वर्षसम्म पनि सकिएको छैन। सरकार कहिले मदन भण्डारी सडकको कुरा गर्छ त, कहिले मध्यपहाडी सडकको कुरा गर्छ। तर, काम के गर्छ ?'

यस्तै, कांग्रेसका सांसद पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले सामाजिक सुरक्षाका कार्यक्रमलाई लक्षित समूहमा केन्द्रित गर्न सरकारले हिम्मत गर्नुपर्ने बताए। 'एकीकृत सामाजिक सुरक्षाको अवधारणा अघि बढाइएको छ, यो आवश्यक पनि छ। किनकि सामाजिक सुरक्षामा डुब्लिकेसन छ। त्यो अवस्थामा यसलाई एकीकृत गर्न आवश्यक छ। तर, यसलाई लक्षित समूहमा केन्द्रित गर्ने हिम्मत सरकारले गर्नुपर्छ,' उनले भने, 'आवश्यकता परेकाले मात्रै सामाजिक सुरक्षाको सुविधा लिनुपर्छ। आवश्यकता नै नभएकालाई सामाजिक सुरक्षाको सुविधा दिन सक्ने अवस्थामा हामी छैनौँ।'

यस्तै, एमाले सांसद भीमप्रसाद आचार्यले नीति तथा कार्यक्रम राम्रो भएको बताए। 'कतिपय क्षेत्रमा धेरै ठुलो आँट गरेको छ। अहिले स्रोत र जनशक्तिको अवस्था, राज्यको क्षमता जेजति गर्न सकिन्छ, त्यो ल्याउने गरी नीति तथा कार्यक्रम बनेको छ। तसर्थ, यो उत्कृष्ट छ,' उनले बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोबिता गौतमले राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण कार्यक्रम, पूर्वाधार निर्माणमा सामग्री अभाव हुन नदिने गरी नदीजन्य स्रोत परिचालन, नदी बेसिन गुरुयोजना, विद्यार्थीलाई पार्ट टाइम जागिर, आवास कम्पनीमार्फत व्यवस्थित आवास तथा जग्गा विकास कार्यक्रममा संशोधन राखेकी छिन्। 'मैले संसद्मा उठाउँदै आएको स्टुडेन्टलाई पार्टटाइम जबसँग जोड्नुपर्छ भन्ने विषय आएको छ। तर, मेरो विनम्रताका साथ अनुरोध छ, पार्टटाइम जबलाई २० घण्टामा सीमित नगरियोस्,' उनले भनिन्, 'कम्तीमा दिनको चार घण्टा विद्यार्थीले काम गर्न सक्छन्। कति घण्टा भन्ने पावन्दी नलगाई यो कार्यान्वयन होस् र कामबापतको ज्याला हप्तैपिच्छे प्रतिघण्टाको हिसाबले दिने व्यवस्था होस्।'

लक्ष्यअनुसार राजस्व नउठेपछि सरकारले काट्यो प्रदेश र स्थानीय तहको अनुदान

पहिले अफ्रिकाको स्रोत भण्डारणको चर्चा गरौं । विश्वमा आपूर्ति हुने कोबाल्टको ७० प्रतिशत हिस्सा लोकतान्त्रिक गणतन्त्र कंगोबाट आउँछ । कोबाल्ट विद्युतीय सवारीसाधन, मोबाइल, ल्यापटपलगायत विद्युतीय सामग्रीमा प्रयोग हुने ब्याट्रीको अत्यावश्यक तत्त्व हो । विश्वका ७५ प्रतिशत प्लाटिनम र ५० प्रतिशत प्यालेडियम दक्षिण अफ्रिकाले उत्पादन गर्छ । विश्वका सबैभन्दा ठुलो ग्रेफाइट भण्डारण मोजाम्बिक र मेडागास्करमा छन् । जिम्बाब्वेमा सिजियमको सबैभन्दा ठुलो भण्डार छ, जुन जिपिए र फाइभ-जी प्रणालीमा प्रयोग हुने महत्त्वपूर्ण धातु हो । उल्लेखित खनिज चट्टान र धातु मात्र होइन, यी विश्वभर स्वच्छ ऊर्जा संक्रमणको मुख्य द्वार हुन् । अहिले प्रयोग भइरहेका प्रत्येक विद्युतीय सवारीसाधन, सौर्य प्यानल, र हावाबाट विद्युत् उत्पादन गर्ने टर्बाइन अफ्रिकी खनिजले सञ्चालित छन् ।

तैपनि आर्थिक रूपमा अफ्रिका निकै कमजोर छ । अधिकांश अफ्रिकी मुलुक औपनिवेशिक युगका अधीनस्थ राज्यजस्तै कच्चा पदार्थ निर्यात गर्ने र अफ्रिकी स्रोतसाधनबाट नाफा कमाउने देशबाट सानोतिनो आर्थिक सहयोगका लागि याचना गरिरहेका छन् ।

तथ्य साह्रै दुःख लाग्ने र रिस उठ्ने खालको छ । अफ्रिकाले कच्चा कोबाल्ट प्रतिकिलोग्राम (केजी) २६-३० डलरमा बेच्छ । जबकि तिनलाई प्रशोधन गरेर ब्याट्रीमा प्रयोग हुने अवस्था बन्दासम्म तिनको मूल्य १५०-२०० डलर पुगिसकेको हुन्छ । अर्थात्, विदेशी प्रशोधक र निर्माताले करिब-करिब दश गुणासम्म बढी मुनाफा लिइरहेका छन् । यो एक खराब व्यवसाय मात्र होइन, आर्थिक कुप्रथा नै हो ।

सन् २०३० सम्ममा विश्वको ब्याट्री बजार मात्र २५० अर्ब डलरको हुनेछ । नवीकरणीय ऊर्जा क्षेत्रको तीव्र गतिमा विकास भइरहेको छ । सौर्य उपकरण मात्र वार्षिक २६ प्रतिशतले बढ्दै छन् । स्पष्ट रूपमा, अफ्रिकाको खनिज स्रोत हाम्रो पुस्ताको सबैभन्दा ठुलो आर्थिक अवसरको रूपमा उदाउँदै छ । तर, हामी यस अवसर छोप्न केन्द्रित हुनुको सट्टा निलम्बित सहायता कार्यक्रमले निम्त्याएका आर्थिक खाडल कसरी पुर्ने भन्ने बहसमा लागेका छौं ।

भन्न त आलोचकहरू भन्छन्, हामीसँग यी खनिज आफैं प्रशोधन गर्न पूर्वाधार, विशेषज्ञता र पुँजीको अभाव छ । हाम्रा स्रोत लगानी गर्न राजनीतिक इच्छाशक्ति केन्द्रित गर्नुपर्छ । चिनियाँहरूले यो कुरा दशकौंअघि बुझेका थिए । त्यसैले उनीहरूले अफ्रिकाभरि महत्त्वपूर्ण खनिज आपूर्ति शृंखलाको नियन्त्रण सुरक्षित गर्न लगभग ५८ अर्ब डलर खन्याएका छन् । हामी सहायता आवेदन फाराम भर्न व्यस्त हुँदा उनीहरूले भविष्य देखे ।

समाधान जटिल छैन, यद्यपि यो चुनौतीपूर्ण छ । अफ्रिकाले उत्खनन क्षेत्र मात्र होइन प्रशोधन केन्द्र पनि निर्माण गर्न आवश्यक छ । हामीले निर्यात टर्मिनल मात्र होइन, कच्चा खनिजको मूल्य अभिवृद्धि गर्न केन्द्रित विशेष आर्थिक क्षेत्र स्थापना गर्न आवश्यक छ । हामीले त्यस्ता अनुसन्धान र विकास प्रणालीमा लगानी गर्न आवश्यक छ, जसले प्रशोधन प्रविधिलाई अनुकूलन र सुधार गर्न सक्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, हामीले क्षेत्रीय रूपमा सोच्न र काम गर्न आवश्यक छ ।

'ब्याट्रीजन्य सामग्रीको पहलका लागि दक्षिण अफ्रिकी विकास समुदाय'को कल्पना गरौं न, जहाँ त्यस भेगका देशहरूले एकीकृत मूल्य शृंखला निर्माण गर्न स्रोत र विशेषज्ञता एकीकृत गरून् । त्यस्तै, 'दुर्लभ धातुका लागि पूर्वी अफ्रिकी सहयोग संरचना'को कल्पना गरौं, जसले हाम्रो खनिज सम्पत्तिलाई उच्च प्रविधि उत्पादन क्षमतामा परिणत गरोस् । यी सपना मत्र होइनन्- यी खासमा हामीले कार्यान्वयनमा लगिसक्नुपर्ने हरेक दिन गुमाएका अवसर हुन् । वातावरणीय आलोचक खनिज उत्खननलाई फोहोर र विनाशकारी क्षेत्र मान्छन् ।

> अफ्रिकालाई आफ्नो विकास आफैंले गर्न सक्ने र निर्यात टर्मिनलको सट्टा प्रशोधन संयन्त्र निर्माण गर्न सक्ने व्यापारिक नेता चाहिएको छ । दानमा चल्ने प्रशासक होइन, रासायनिक इन्जिनियर र धातुविद् उत्पादन गर्न सक्ने शैक्षिक संस्था आवश्यक छ ।

यस जोखिमबारेमा उनीहरू गलत छैनन्, तर तिनले पेस गर्ने समाधान भने गलत छन् । समाधान हाम्रा खनिज उत्खनन नगरी जमिनभित्र प्रयोगहीन छोडिदिनु होइन : बरु यसको दिगो निकासी र प्रशोधनका लागि आफ्नै उच्च मापदण्ड तय गर्नु हो । हामीले प्रयास गर्यौं भने हाम्रो वातावरणको रक्षा गर्ने र हाम्रा समुदायहरूलाई फाइदा पुऱ्याउने खानी र प्रशोधन उद्योग निर्माण गर्न सक्छौं । हामीले गर्नुपर्छ । किनभने यसको विकल्प विदेशी कम्पनीले मनोमानी ढंगले त्यही काम गरेको हामी चुपचाप परिणाम भोग्दै व्यहोर्नु हो ।

सहायता निलम्बनले अफ्रिकामा कैयौं गम्भीर मानव पीडा सिर्जना गरेको तथ्य यथार्थ हो । एचआइभी उपचार कार्यक्रमहरू, कैयौं शैक्षिक पहल र खाद्य सुरक्षा परियोजना सबै जोखिममा छन् । तर, यी साँच्चै आवश्यक कार्यक्रमको कार्यान्वयन र वित्तपोषण गर्न हामी किन विदेशी सरकारको लहडमा भरपर्नु पर्ने ? हामीले खनिजको राम्रो उपभोग गर्न सक्यौं भने त्यसबाट हुने आयले यी कार्यक्रम मात्र होइन, अरू पनि धेरै कार्यक्रम सहजै सञ्चालन गर्न सक्छौं । त्यसका लागि हामीले खनिजको मूल्य शृंखलामा कब्जा गर्नुपर्छ । यसमा हामी अफ्रिकीहरूलाई अहिले आवश्यक छ भने मुख्यतः राजनीतिक साहस र उद्देश्यको खाँचो छ ।

अफ्रिकालाई आगामी चुनावभन्दा पर हेर्न सक्ने र आफ्नो विकासलाई आफैंले वित्तपोषण गर्ने अफ्रिकाको कल्पना गर्न सक्ने नेता चाहिएको छ । हामीलाई निर्यात टर्मिनलको सट्टा प्रशोधन संयन्त्र निर्माण गर्न सक्ने व्यापारिक नेता चाहिएको छ । दानमा चल्ने प्रशासक होइन, रासायनिक इन्जिनियर र धातुविद् उत्पादन गर्न सक्ने शैक्षिक संस्था चाहिएको छ । अमेरिकाले सहायता रोकेपछि उब्जिएको संकटले हामीलाई रूपान्तरणका लागि उत्प्रेरित गर्नुपर्छ । प्रत्येक निलम्बित सहायता डलरले हामीलाई हाम्रा खनिजहरूको दस गुणा मूल्य कब्जा गर्न प्रेरित गर्नुपर्छ । प्रत्येक कूटनीतिक अपमानले अफ्रिकी समाधान निर्माण गर्ने हाम्रो संकल्पलाई थप सबल बनाउनुपर्छ ।

छनोट स्पष्ट छ, आगामी दशकमा पनि सहायता बजेटमा मोलमोलाइ गरेर बिताउने कि खनिज सम्पत्तिको रणनीतिक विकासमा ध्यान दिएर हाम्रो भाग्य आफ्नै हातमा लिने ? अफ्रिकाले आफूसँग रहेको कच्चा पदार्थको विशाल भण्डारलाई उत्पादनशक्ति बन्न प्रयोग गर्ने समय आएको छ । हामीले आफ्नो खनिज सम्पत्तिलाई स्थायी समृद्धिमा परिणत गर्नु पर्छ ।

- अल जजिराबाट

---

१९) **ऋणी कम्पनी: छिम्केश्वरी लिकर्स सप्लायर्स प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: युवक कुमार नेपाल
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: १८०८९९/०७४/०७५, दर्ता मिति २०७४/०९/१६, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २३

धितोको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १८०८९९/०७४/०७५ अन्तर्गत मिति २०७४/०९/१६ मा कम्पनी ऐन, २०६३ दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २३ स्थित छिम्केश्वरी लिकर्स सप्लायर्स प्रा.लि.को नाममा मालपोत कार्यालय सैरहनी, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, कुमरोज गा.वि.स. वडा नं. ३ क (हाल सैरहनी न.पा. वडा नं. १३) स्थित कित्ता नं. ५७० को क्षेत्रफल १३१६.४० (व.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) छिम्केश्वरी लिकर्स सप्लायर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२०) **ऋणी: सुशिला देवी श्रेष्ठ**
स्थायी ठेगाना: महोत्तरी जिल्ला, हाथिलेट गा.प. वडा नं. ९, हालको ठेगाना: महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ८
बाबु: राम बहादुर श्रेष्ठ, ससुरा: जीत बहादुर श्रेष्ठ, पति: वल बहादुर श्रेष्ठ

धितोको विवरण

सेतु बहादुर श्रेष्ठको नाति, जीत बहादुर श्रेष्ठको छोरा, महोत्तरी जिल्ला, हाथिलेट गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल बर्दिवास न.पा. वडा नं. ८ बस्ने बल बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न. वहादुरगंज गा.वि.स. वडा नं. ४/ङ (हाल बर्दिवास न.पा. वडा नं. २) स्थित कित्ता नं. ४२८ को क्षेत्रफल ०-१-३$^{१/२}$ (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२१) **१) ऋणी फर्म: प्रवेश किराना एण्ड सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: ललिता सिंह
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. १०४४२/०७६/७७, दर्ता मिति: २०७६/०४/१५, ठेगाना: जिल्ला सिरहा, चन्द्रोदयपुर गा.वि.स. वडा नं. ७/ख (हाल गोलवजार न.पा. वडा.नं. ९)

२) ऋणी फर्म: महालक्ष्मी स्न्याक्स एण्ड फुड प्रोडक्ट, प्रोप्राईटर तथा जमानीकर्ता: सकलदेव सिंह
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.न.घ.उ.सि. ८३६४/०७४/७५, दर्ता मिति: २०७५/०३/२४, ठेगाना: जिल्ला सिरहा, चन्द्रोदयपुर गा.वि.स. वडा नं. ७ (हाल गोलवजार न.पा. वडा.नं. ९)

धितोको विवरण

१) फोचाई महतोको नाती, मनुलाल सिंह महतोको छोरा, सिरहा जिल्ला, चन्द्रोदयपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, चन्द्रोदयपुर गा.वि.स. वडा नं. ९ बस्ने सकलदेव सिंहको नाममा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, चन्द्रोदयपुर गा.वि.स. वडा नं. ७/ख (हाल गोलवजार न.पा. वडा. नं. ९) स्थित कित्ता नं. ३०३४, २९१, २९२, ३२८ र ३३३१ को क्षेत्रफल ०-४-१७$^{१/२}$, ०-५-१७$^{१/२}$, ०-५-१७$^{१/२}$, ०-३-० र ०-२-१० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) प्रवेश किराना एण्ड सप्लायर्स तथा महालक्ष्मी स्न्याक्स एण्ड फुड प्रोडक्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२२) **ऋणी : युगल किशोर यादव**
ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. २, बाबु : भोला भगत यादव, बाजे : चुल्हाई भगत यादव

धितोको विवरण

सवारी मोडल: HYUNDAI CRETA GASOLINE E+ | च्यासीस नं.: MALC181CLGM184033*L | इन्जिन नं.: G4FG GW546738 | सवारी दर्ता नं. : बा १६ च ७५०६

२३) **ऋणी फर्म: दिपेन्द्र फर्निचर सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: आशारानी डगौरा
दर्ता नं.: वाणिज्य आपर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्रा.फ.र.नं. ३५३४८/०७८/०७९, मिति २०७८/०६/१७
ठेगाना : जिल्ला बाँके, कोहलपुर न.पा. वडा नं. ५

धितोको विवरण

१) बल्दु डगौराकी छोरी, कप्तान डगौराकी बुहारी, तुलसी राम डगौराकी पत्नी, कैलाली जिल्ला, जानकी नगर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भइ हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ५ बस्ने आशारानी डगौराको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, रम्केना गा.वि.स. वडा नं. ८/ख (हाल कोहलपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५९७५ को क्षेत्रफल १३५.४४ (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) दिपेन्द्र फर्निचर सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सांविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

इतिहासमा आज



सन् २००२ : दक्षिण अफ्रिकामा जन्मिएका अमेरिकी व्यवसायी इलन मस्कले एरोस्पेस कम्पनी स्पेस एक्स स्थापना गरे । यसले व्यावसायिक अन्तरिक्ष उडानको युगमा प्रवेश गर्न मद्दत गऱ्यो ।

सन १८५६ : अस्ट्रियाका मनोविश्लेषक सिग्मन्ड फ्रायडको जन्म दिन । उनको मृत्यु सन् १९३९ को सेप्टेम्बर २३ मा लन्डनमा भएको थियो ।

सन् १९६० : अमेरिकी पूर्वराष्ट्रपति ड्वाइट डी. आइसेन होवरले नागरिक अधिकार ऐन १९६० मा हस्ताक्षर गरे ।

सन् १९७६ : उत्तरी इटालीमा शक्तिशाली भूकम्प । ६.५ म्याग्निच्युडको उक्त भूकम्पमा नौ सय ३९ जनाको मृत्यु हुनुका साथै एक लाख ५७ हजार घरबारविहीन भए ।

सन् १९९४ : बेलायतलाई फ्रान्ससँग जोड्ने च्यानल टनेल खुला । बेलायती महारानी एलिजाबेथ द्वितीय र फ्रान्सेली राष्ट्रपति फ्रान्कोइस मिटर्रान्डले 'च्यानल'को उद्घाटन गरे । ५० किलोमिटर (३१ माइल) लम्बाइ भएको यो संसारको सबैभन्दा लामो समुद्रमुनिको सुरुङ हो ।

विश्व संक्षेप

पाकिस्तानले गऱ्यो दोस्रो क्षेप्यास्त्र परीक्षण

कस्मिर/ कस्मिरमा भारत र पाकिस्तानबिच तनाव चर्किरहेका बेला पाकिस्तानले दोस्रोपटक क्षेप्यास्त्र परीक्षण गरेको छ । पाकिस्तान सेनाले १२० किलोमिटर दायरा भएको मिसाइल सफलतापूर्वक परीक्षण गरेको हो । परीक्षणको उद्देश्य सैनिक तयारी र प्रविधिगत पक्षहरूको प्रमाणीकरण रहेको पाकिस्तानी सेनाले जनाएको छ । यसअघि शनिबार पनि पाकिस्तानले ४५० किलोमिटर दायरा भएको अर्को क्षेप्यास्त्र परीक्षण गरेको थियो । प्रधानमन्त्री सहबाज सरिफले सेना 'राष्ट्रिय सुरक्षाका लागि पूर्ण रूपमा तयार' रहेको बताएका छन् । भारतमा गत महिना पहलगाममा पर्यटकमाथिको आक्रमणलाई लिएर दुई देशबिच तनाव बढेको छ । उक्त हमलामा २६ जनाको ज्यान गएको थियो । भारतले उक्त आक्रमणको दोष पाकिस्तानमाथि लगाएको छ, तर पाकिस्तानले त्यसको खण्डन गर्दै स्वतन्त्र छानबिनको माग गरेको छ । विश्व समुदायले दुवै देशलाई संयम अपनाउन आग्रह गरेको छ ।

कम्बोडियामा क्यान्सरबाट बर्सेनि १४ हजारको मृत्यु

नोम्पेह/ कम्बोडियामा क्यान्सरबाट हरेक वर्ष औसतमा १४ हजारको मृत्यु हुने गरेको छ । प्रधानमन्त्री हुन मानेटले देशमा हरेक वर्ष करिब बीस हजार नयाँ क्यान्सरका बिरामी देखिने र तीमध्ये करिब १४ हजारजनाको मृत्यु हुने गरेको बताए । 'यो संख्या निकै चिन्ताजनक छ,' राष्ट्रिय क्यान्सर नियन्त्रण योजना सन् २०२५-२०३० सार्वजनिक गर्ने कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भने । उक्त योजना क्यान्सरका नयाँ घटना र मृत्युदर घटाउने उद्देश्यले तयार गरिएको हो । यसले रोकथाम, प्रारम्भिक जाँच, समयमै उपचार तथा समुचित हेरचाहमा जनताको पहुँच विस्तार गर्ने लक्ष्य लिएको छ । प्रधानमन्त्रीले नागरिकलाई स्वस्थ जीवनशैली अपनाउन आग्रह गरे । साथै, उनले सम्बन्धित निकायलाई खाद्यवस्तु, फलफूल र तरकारीको गुणस्तर तथा सुरक्षाको नियमित रूपमा अनुगमन गर्न निर्देशन दिए । स्वास्थ्यमन्त्री छेआङ राले क्याम्बोडियामा सबैभन्दा धेरै कलेजोको क्यान्सर देखिने बताए । त्यसपछि फोक्सो, स्तन, ठुलो आन्द्रा र पाठेघरको मुखको क्यान्सर पनि धेरै पाइन्छ ।

'अमेरिकाबाहिर बनेका चलचित्रमा शतप्रतिशत कर'

न्युयोर्क/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाबाहिर बनेका सबै चलचित्रमा शतप्रतिशत कर लगाउने घोषणा गरेका छन् । आफ्नो आक्रामक व्यापार नीतिबारे चर्को आलोचना सामना गरिरहेका बेला ट्रम्पले सोमबार उक्त घोषणा गरेका हुन् । 'म वाणिज्य मन्त्रालय र व्यापार प्रतिनिधिलाई हाम्रो देशमा आउने विदेशी भूमिमा निर्मित सबै चलचित्रमा एक सय प्रतिशत कर लगाउने प्रक्रिया तुरुन्त सुरु गर्न अधिकार दिँदै छु,' उनले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन्, 'हामी चलचित्रहरू अमेरिकामै बनेको देख्न चाहन्छौं !' वाणिज्यमन्त्री हावर्ड लुटनिकले ट्रम्पको सन्देश पुनः पोस्ट गर्दै भने, 'हामी ट्रम्पको आदेश पालना गर्ने प्रक्रियामा काम गरिरहेका छौं ।' धेरै सामानमा एक सय ४५ प्रतिशत कर लगाउने अमेरिकी राष्ट्रपतिको नीतिपछि चीनले गत महिना अमेरिकाबाट आउने चलचित्रको संख्या घटाउने घोषणा गरेको थियो । 'अमेरिकाको चलचित्र उद्योग धेरै छिटो मर्न थालेको छ । अन्य देशले हाम्रा फिल्म निर्माता र स्टुडियोलाई अमेरिकाबाट टाढा लैजान सबै प्रकारका प्रोत्साहन दिइरहेका छन्,' उनले भने । हलिउड संयुक्त राज्य अमेरिकाको अर्थतन्त्रको एक प्रमुख क्षेत्र हो ।

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/१/२३ गते

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सार्वजनिक सूचना अनुसार दर्ता भएका बोलपत्रहरू मूल्यांकन हुंदा निम्न बमोजिमका बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही पाईएकोले तपसिल बमोजिम ठेक्काको बोलपत्र स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं. र योजनाको विवरण	स्वीकृत हुने बोलपत्रदाताको नाम	कबोल अंक (भ्याट समेत)
1.	Construction works of Aryaltar Bhairab Paati Mul Sadak hudai Nagarjun Ma.Bi Jaane Sadak.. (Tara/42/NCB/081-082)	Bhairab Kunda Construction.	रू. ३६,८६,०८१.३३
2.	Construction Works for Nepaltar Futung Sangla Hudai Gurje Bhanjyang Janay Sadak Khanda Antrgat Khadga Bhanjyangmaa Parkhal Nirman,Ward 7. (Tara/43/NCB/081-082)	Thapa Realestate And Construction Company Pvt. Ltd..	रु. ७९,३८,६८२.४५

प्रमुख प्रशासकीय अधिकृत

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०

नयाँ पत्रिका

त्रिवि क्रिकेट मैदान समयमै नबनेपछि दुई महिना थपियो म्याद

प्रधानमन्त्री ओलीले भने-
थपिएको समयभित्र काम पूरा नभए सरकारलाई सह्य हुँदैन



सरकार बनेपछि क्याबिनेटको पहिलो बैठकले कीर्तिपुरस्थित क्रिकेट मैदानलाई ३०० दिनभित्र फ्लडलाइटसहितको रंगशाला बनाउने निर्णय गरेको थियो। किन समयमै काम नसकेको भनेर सहरी विकास मन्त्रालय र निर्माण कम्पनीका प्रतिनिधिलाई बोलाएर आज स्पष्टीकरण लिएको छु। थप दुई महिनाभित्र प्यारापिट निर्माण र फ्लडलाइट जडानको काम पूरा गरिसक्ने वाचा गर्नुभएको छ। आफूले थालेका कामलाई समयमै सक्न जवाफदेही हुने गरी काम गर्नुपर्छ भन्ने सरकारको प्राथमिकता छ। कारण जेसुकै भए ता पनि तोकिएको दिनमा काम पूरा हुनुपर्थ्यो। थपिएको दिनमा काम पूरा नभए सरकारलाई सह्य नहुने जानकारी गराएको छु।



फाइल तस्बिर

रमेश सुवेदी/नयाँ पत्रिका

केपी ओली प्रधानमन्त्री भएको पहिलो मन्त्रिपरिषद्को बैठकले तीन सय दिनभित्र कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा सुविधासम्पन्न संरचना बनाउने निर्णय गरेको थियो। यही २४ वैशाख (बुधबार) ओली प्रधानमन्त्री भएको तीन सय दिन पुग्दै छ। तर, प्रधानमन्त्री ओलीले आफूले नै पहिलो क्याबिनेटबाट गरेको '१० हजार सिट क्षमताको प्यारापिट र ६ वटा फ्लडलाइट जडान गर्ने' निर्णय पूरा नहुने भएको छ।

सोमबार प्रधानमन्त्री ओलीले जिम्मेवारी पाएका सहरी विकास मन्त्रालय र निर्माण कम्पनीका प्रतिनिधिसँग असन्तुष्ट जनाउँदै स्पष्टीकरण लिएका छन्। मैदानको काम तोकिएको र सम्झौता भएको ६५ दिनभित्र सम्पन्न नहुने भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले दुई महिनाको समय थप गरेका छन्। प्रधानमन्त्री ओलीले थप गरिएको समयमा पनि मैदान तयार नभए सैह्य नहुने चेतावनी पनि दिएका छन्।

हालसम्म प्यारापिटको वित्तीय प्रगति ४५.१९ र भौतिक प्रगति ५५ प्रतिशत सम्पन्न भएको छ। यस्तै, फ्लडलाइटको वित्तीय प्रगति २३.८१ तथा भौतिकतर्फ ३५ प्रतिशत प्रगति भएको छ। फ्लडलाइटको टेन्डर पुनः दुईपटक रद्द भएको छ। फ्लडलाइटको भने मापदण्ड पूरा नभएको मन्त्रालय स्रोतले बताएको छ।

निर्माण कम्पनीले भने जग्गा प्राप्तिमा ढिलाइ, रुख पन्छाउने प्रक्रियाको कानुनी समयसीमाले स्पेकमा गर्नुपरेको परिवर्तन र निर्माण थालेपछि पानी परेकाले कालोमाटो पन्छाउन परेको अप्ठेरोले तीन सिफ्टमा काम गर्दा पनि समयसीमामा काम सम्पन्न गर्न नसकेको प्रधानमन्त्रीलाई जानकारी गराएका थिए।

'थप दुई महिनाभित्र प्यारापिट निर्माण र फ्लडलाइट जडानको काम पूरा गरिसक्ने बाचा गर्नुभएको छ। आफूले थालेका कामलाई समयमै सक्न जवाफदेही हुने गरी काम गर्नुपर्छ भन्ने सरकारको प्राथमिकता छ,' प्रधानमन्त्री ओलीले भने, 'कारण जेसुकै भए पनि तोकिएको दिनमा काम पूरा हुनुपर्थ्यो। थपिएको दिनमा काम पूरा नभए सरकारलाई सह्य नहुने जानकारी गराएको छु।' प्रधानमन्त्री ओलीले असारको अन्तिम सातासम्म कीर्तिपुरमा क्रिकेट रंगशाला पाउने आशा गरेका छन्।

यसअघि नै सहरी विकास मन्त्रालयअन्तर्गत संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका सुपरिटेन्डेन्ट इन्जिनियर चक्रवर्ती कंठले निर्माण समयमै नसकिने बताएका थिए।

■ फरक दुई कम्पनीलाई जिम्मेवारी

प्यारापिट र फ्लडलाइट जडान गर्ने कार्यमा मन्त्रालयले दुईवटा कम्पनीलाई जिम्मेवारी दिएको थियो। मैदानको प्यारापिट बनाउन बिकेओआई-केसिडिसी-बिजी जेभीले ४३ करोड ७७ लाख ३० हजार ११३.०३ रुपैयाँमा ठेक्का पाएको हो।

फ्लडलाइट जडानका लागि ललितपुरको विशन-ईश्वरी जोइन्टभेन्चरले ४२ करोड १९ लाख ९१ हजार ६ सय ५३ रुपैयाँमा ठेक्का पाएको थियो। दुई कम्पनीसँग सरकारले १९ र २२ पुसमा सम्झौता गरेको थियो। यसअघि खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप)बाट काम नहुने छाँटकाँट देखिएपछि प्रधानमन्त्री ओलीले सहरी विकास मन्त्रालयलाई मैदान निर्माणको जिम्मेवारी सुम्पिएका थिए।

दोस्रोपटक टी-२० विश्वकप, सन् २०२६ सम्मलाई पुनः एकदिवसीय मान्यता र लगातार अन्तर्राष्ट्रिय उपलब्धिपछि सरकार त्रिवि मैदानलाई स्तरीय बनाउन सक्रिय भएको हो।

यद्यपि, दुई दशकदेखि पूर्ण हुन नसकेको मूलपानी तल्लो र माथिल्लो मैदानमा भने सरकारको ध्यान गएको छैन। पछिल्लो महिना मूलपानी तल्लो मैदानमा आइसिसी यू-१९ विश्वकप एसिया छनोट भएपछि मैदानको स्तर निकै कमजोर देखिएको थियो। त्यस्तै, मैदानको पुर्वीतर्फको प्यारापिट बनाउनमा सरकारको ध्यान गएकै छैन।

■ आदिल आलमको प्रतिबन्ध फुकुवा

अलराउन्डर मोहमद आदिल आलमको प्रतिबन्ध फुकुवा भएको छ। नेपाल क्रिकेट संघ (क्यान) इन्टिग्रिटी कमिटीले अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताहरूमा सहभागिता जनाउन पाउने गरी २१ वैशाखदेखि प्रतिबन्ध फुकुवा गरेको हो। 'क्यान इन्टिग्रिटी कमिटीले आवश्यक प्रक्रिया पूरा गरी निजको प्रतिबन्ध फुकुवा गर्ने निर्णयसहितको प्रतिवेदनको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउन पाउने गरी यही मोहमद आदिल आलमको प्रतिबन्ध फुकुवा गरिएको व्यहोरा जानकारी गराइन्छ,' क्यानले विज्ञप्तिमार्फत भनेको छ। ०७९ पुसमा त्रिवि क्रिकेट मैदानमा सञ्चालन भएको नेपाल टी-२० क्रिकेट लिगमा स्पट फिक्सिङको आरोपपछि अलराउन्डर आदिललाई क्यानले प्रतिबन्ध लगाएको थियो। उक्त प्रतियोगितामा नेपाली र विदेशी गरी १० खेलाडी संलग्न रहेको प्रहरीले दाबी गरे पनि काठमाडौं जिल्ला अदालतले आदिलसहित पाँचजनालाई सफाइ दिएको थियो। भारतीय कम्पनी सेभेन थ्री स्पोर्टस्लाई प्रतियोगिता आयोजना गर्न दिएपछि प्रतियोगिता निकै विवादास्पद बनेको थियो। हालसम्म पनि केही टिम र खेलाडीले आफ्नो पारिश्रमिक पाएका छैनन्।

वीरगन्जविरुद्ध एपिएफको १२ गोल

मकवानपुरमा **पोष्टराज अधिकारी**



नेपाल राष्ट्रिय टोलीकी स्ट्राइकर रश्मिकुमारी घिसिङले एक्लै पाँच गोल गरेपछि सहिद स्मृति स्थानीय तह राष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगितामा विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले वीरगन्ज युथ स्पोर्टस् एकेडेमीविरुद्ध १२-० को जित निकालेको छ। सोमबार भएको अन्तिम क्वार्टरफाइनलमा राष्ट्रिय टिमका एक दर्जन खेलाडी मैदान उतारेको एपिएफ निकै हाबी भयो। रश्मिले पाँच गोल गर्दा सरु लिम्बूले दुई गोल गरिन्। यस्तै, अनिता केसी, अनिता बस्नेत, मन्जलीकुमारी योञ्जन, सजनी थोकर र सविता रानामगरले समान एक गोल गरेका थिए।

गत शनिबार बागमती गोल्डकप, १२ वैशाखमा नेपालगन्जमा सम्पन्न लुम्बिनी कप महिला फुटबल प्रतियोगिता र त्यसअघि ९ चैत ०८१ मा चितवनको भरतपुरमा सम्पन्न राष्ट्रिय महिला फुटबल प्रतियोगिताको उपाधि जितेको एपिएफले हेटौंडा गोल्डकपमा पनि प्रभावशाली खेल प्रदर्शन गरेको छ। त्यसअघि टोलीले राष्ट्रिय महिला लिगको उपाधि उचालेको थियो।

■ पहिलो हाफमै पाँच गोल

गौरीटार रंगशालामा एपिएफले पहिलो हाफमै पाँच गोल गरेको थियो। वीरगन्जलाई पूर्णतः दबाबमा राखेको एपिएफले दोस्रो हाफमा थप सात गोल गरेको हो। रश्मिले खेलको २३, ४९ र ६९औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरिन्। त्यस्तै, ७०औं र ७८औं मिनेटमा थप दुई गोल गरेकी हुन्। रश्मिले संकटाकी ममता पुनसँग सर्वाधिक गोलकर्ताको रेकर्ड बराबरी गरेकी छिन्। यसअघि शनिबारको बाराको नवजनजागृति क्लबविरुद्ध संकटाकी ममताले व्यक्तिगत पाँच गोल गरेकी थिइन्।

एपिएफका लागि सरु लिम्बूले १९औं मिनेटमा पहिलो गोल गर्दै सुरुवाती अग्रता दिलाएकी थिइन्। उनले ३५औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरिन्। २५औं मिनेटमा अनिता केसी, ३९ मिनेट अनिता बस्नेत, ४५औं मिनेटमा मञ्जली, ५१औं मिनेटमा सजनी थोकर र ७३औं मिनेटमा सविता रानाले गोल गरेका थिए। खेलको प्लेयर अफ दी म्याच घोषित हुँदै रश्मिले १० हजार प्राप्त गरेकी छिन्।

■ सेमिफाइनल समीकरण पूरा

एपिएफले अन्तिम चारमा स्थान बनाएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। यसअघि चितवन, संकटा र विभागीय टोली नेपाल पुलिस क्लब प्रतियोतिगाको सेमिफाइनलमा पुगिसकेका छन्। चितवनले आयोजक मकवानपुरलाई पेनाल्टी सुटआउटमा ५-४ गोलले हराएको थियो। संकटाले बाराको नवजनजागृतिलाई ६-१ हराएका हुन्। प्रतियोगिताको सेमिफाइनलका दुवै खेल मंगलबार हुनेछन्। पहिलो सेमिफाइनलमा चितवन र नेपाल पुलिस क्बल भिड्दा दोस्रो सेमिफाइनलमा संकटा र विभागीय टोली एपिएफ भिड्नेछन्।

मोक्षदाको विजयी सुरुवात

काठमाडौं/ मोक्षदा, देव सुशील केडिया विश्व भारती 'ए', रत्नराज्य, ग्यालेक्सी पब्लिक, लर्निङ रिलेम र सैनिक आवसीय महाविद्यालयले जयकुमारनाथ शाह मेमोरियल यू-१६ टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगितामा विजयी सुरुवात गरेका छन्। सोमबार मूलपानी क्रिकेट मैदानमा मोक्षदाले त्रियोग स्कुललाई १३५ रनले हरायो। पहिले ब्याटिङ गरेको मोक्षदाले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै एक सय १७७ को लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा ब्याटिङ गरेको त्रियोग १०.५ ओभरमा सबै विकेट गुमाउँदा मात्र ४१ रन बनाउन पुग्यो।



मोक्षदाको जितमा ईशान साह सुवेदीले अलराउन्ड प्रदर्शन गरे। उनले ५९ बलमा सर्वाधिक ९५ रन बनाए। त्यस्तै, दुई विकेट लिएका थिए। आलोक कुमारले ३० रनको योगदान गरेका थिए। यस्तै, बलिङतर्फ अबि कुमारले चार ओभरमा ११ रन मात्रै खर्चिएर ६ विकेट लिएका छन्। अर्को खेलमा सैनिकले नेक्सस इन्टरनेसनल एकेडेमीविरुद्ध तीन रनको रोमाञ्चक जित दर्ता गर्यो। सैनिकले प्रस्तुत गरेको ४१ रनको लक्ष्य पछ्याएको नेक्सस १३.१ ओभरमा ३७ रनमै समेटियो।

पाहुना टोली इरानलाई उपाधि

कास्की/ पाहुना टोली इरानी क्लबले प्रथम लायन्स कप पुरुष भलिबल प्रतियोगिताको उपाधि हात पारेको छ। सोमबार पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गर्दै इरानी टोलीले उपाधि जितेको हो। प्रतियोगितामा इरानी टोली समूह ए र पुलिस समूह बीको विजेताको रूपमा अगाडि बढेका थिए। प्रतियोगिताको विजेता इरानी टोलीले चार लाख ४४ हजार ४४४ र उपविजेता पुलिसले दुई लाख ४४ हजार ४४४ रुपैयाँ प्राप्त गरेका छन्। प्रतियोगितामा इरानी टोलीका अमिर होसिन सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै १४ हजार ४४४ रुपैयाँ प्राप्त गरेका छन्। विधागततर्फ उत्कृष्ट सर्भरमा इरानी टोलीका आफसिन फत, ब्लकरमा इभटन नोरुजी, डिफेन्डरमा दीपक थापा, प्रशिक्षकमा सुरेन्द्र केसी, सेटरमा पुलिसका बलराम गुरुङ, स्पाइकरमा आर्मीका धनबहादुर भट्ट घोषित भएका छन्।

खेल संक्षेप

काठमाडौंको विजयी सुरुवात

काठमाडौं/ साबिक विजेता काठमाडौं महानगरपालिका, दक्षिणकाली नगरपालिका र ललितपुर महानगरपालिकाले उपत्यकाव्यापी अन्तरपालिका गोदावरी मेयर कप फुटबल प्रतियोगितामा विजयी सुरुवात गरेका छन्। सोमबार काठमाडौंले चाँगुनारायण नगरपालिकाविरुद्ध ५-०, दक्षिणकालीले कागेश्वरी मनोहरालाई ५-० तथा ललितपुरले बागमती गाउँपालिकाविरुद्ध ७-३ को जित निकालेका हुन्। तीनै क्लबले समान तीन अंक हासिल गरेका छन्।

भारत जाने युवा टोलीको बिदाइ

काठमाडौं/ दक्षिण एसियाली फुटबल महासंघ (साफ) यू-१९ च्याम्पियनसिपका लागि भारत जाने नेपाली टोलीको बिदाइ भएको छ। सोमबार अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङ, महासचिव किरण राई लगायतले टोलीको बिदाइ गरे। साफ यू-१९ च्याम्पियनसिप मे ९ देखि १८ सम्म भारतको अरुणाञ्चल प्रदेशको गोल्डेन जुब्ली रंगशालामा हुनेछ। समूह 'बी'को नेपालले मे ११ मा श्रीलंकासँग खेल्दै प्रतियोगिताको सुरुवात गर्नेछ। त्यसको दुई दिनपछि नेपालले घरेलु टोली भारतसँग खेल्नेछ। अर्को समूहमा बंगलादेश, माल्दिभ्स र भुटान छन्।

नेपालको वरीयता यथावत्

काठमाडौं/ नेपाली राष्ट्रिय क्रिकेट टोलीको टी-२० र एकदिवसीय अन्तर्राष्ट्रिय वरीयता यथावत् रहेको छ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले आइतबार सार्वजनिक गरेको नयाँ वरीयतामा नेपाल दुवै फर्म्याटमा १८औं स्थानमा छ। नेपालले टी-२० मा १६५ तथा एकदिवसीयमा २८ रेटिङ प्वाइन्ट प्राप्त गरेको छ। टी-२० वरीयताको शीर्ष स्थानमा भारत कायम छ। अस्ट्रेलिया, इंग्ल्यान्ड, वेस्ट इन्डिज, दक्षिण अफ्रिका, श्रीलंका, पाकिस्तान, बंगलादेश र अफगानिस्तान दोस्रोदेखि १०औं स्थानमा छन्। एसोसिएट राष्ट्र स्कटल्यान्ड १३, नेदरल्यान्ड १४, युएई १५, नामिबिया १६ र अमेरिका १७औं स्थानमा छन्।

Buddhabhumi Nepal Hydropower Company Ltd

Panipokhari, Maharajgunj, Kathmandu, Nepal, Telephone : 4530150
E-mail : lowertadi@gmail.com, Website : www.buddhabhuminepalhydro.com.np

UNAUDITED QUARTERLY STATEMENT OF FINANCIAL POSITION
At the end of 3rd Quarter on 2081/12/31 (13th April 2025)

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
ASSETS			
Non Current Assets:			
Property, Plant and Equipment	8,126,162.51	8,476,626.48	140,025,359.38
Intangible Assets	1,305,528,808.09	1,318,035,925.92	1,222,082,358.78
Total Non Current Assets	**1,313,654,970.59**	**1,326,512,552.40**	**1,362,107,718.16**
Current Assets:			
Cash and Bank Balance	6,052,974.19	2,076,353.59	15,723,548.07
Advance & Receivables	40,499,696.03	51,823,713.78	33,033,726.80
Margin & Deposits	973,740.00	361,200.00	331,500.00
Total Current Assets	**47,526,410.22**	**54,261,267.37**	**49,088,774.87**
Total Application of Fund	**1,361,181,380.81**	**1,380,773,819.77**	**1,411,196,493.03**
Equity AND NON-CURRNET			
Equity Shareholder's Fund			
Share Capital	400,000,000.00	400,000,000.00	400,000,000.00
Retained Earning	(81,109,744.45)	(75,397,829.26)	(48,217,804.69)
Share Capital Advance	13,304,400.00	13,304,400.00	13,304,400.00
Total Equity	**332,194,655.55**	**337,906,570.74**	**365,086,595.31**
Non-Current Liabilities			
Long Term Loan and Borrowings	923,423,326.15	930,673,326.15	952,423,326.65
Deferred Tax Liability			295,995.48
Total Non Current Liabilities	**923,423,326.15**	**930,673,326.15**	**952,719,322.13**
Current Liabilities & Provision			
Accounts payables and other payables	89,082,686.35	90,143,912.40	81,458,267.31
Provisions	271,909.00	271,909.00	1,111,332.15
Short Term Loan Liability	16,152,600.41	21,152,194.76	10,718,959.25
Employee Benefits	56,202.38	625,905.74	102,016.88
Total Current Liabilities	**105,563,399.12**	**112,193,922.88**	**93,390,575.59**
Total Equity & Liabilities	**1,361,181,380.81**	**1,380,773,819.77**	**1,411,196,493.03**

Unaudited Quarterly Statement of Profit or Loss
At the end of 3rd Quarter on 2081/12/31 (13th April 2025)

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
INCOME			
Revenue From Sale of Electricity	122,585,922.99	91,157,619.99	127,943,060.42
Less: Direct Expenses	5,066,393.31	4,134,639.61	5,402,498.84
Gross Profit	**117,519,529.68**	**87,022,980.38**	**122,540,561.58**
Operation Expenses			
Administrative Expenses	15,184,330.99	11,840,734.61	17,114,469.14
Depreciation	1,931,689.42	1,254,425.45	1,622,223.53
Amortization	36,321,945.44	24,221,406.61	32,832,063.39
Total Expenses	**53,437,965.86**	**37,316,566.67**	**51,568,756.06**
Operating Profit	**64,081,563.82**	**49,706,413.71**	**70,971,805.52**
Other Income	44,912.92	6,703.89	3,244,523.68
Finance Cost	63,508,250.58	42,828,154.43	73,094,143.49
Statutory Employee Bonus (Provision)	56,202.38	625,905.74	102,016.88
Profit Before Tax	**562,023.79**	**6,259,057.43**	**1,020,168.83**
Provision For Tax	-		-
Deferred Tax Expenses			
Profit after Tax	**562,023.79**	**6,259,057.43**	**1,020,168.83**
Earning Per Share (EPS) Annualised	0.19	3.13	0.34
Dilluted Earning Per Share (DPS) (Annualised)	0.19	3.13	0.34

धितोपत्र दर्ता निष्काशन नियमावली २०७३, अनुसूची-१४ (नियम ३६ को उपनियम १ संग सम्बन्धित)
आ.व. २०८१/८२ को तेश्रो त्रैमासिक (चैत्र मसान्त सम्म) को प्रतिवेदन

१. **वित्तीय विवरण :**
(क) आ.व. २०८१/२०८२ को तेश्रो त्रैमासिक अवधि (चैत्र मसान्त सम्म) को वासलात, नाफा-नोक्सान सम्बन्धि विवरणहरू यसै साथ संलग्न गरिएको छ।
(ख) न्यूनतम रूपमा प्रमुख वित्तीय विवरणहरू :

प्रति शेयर आम्दानी त्रैमासिक: ०.१९	मूल्य आम्दानी अनुपात P/E Ratio: २६५६.२८	प्रति शेयर नेटवर्थ: ८३.०५
प्रति शेयर कुल सम्पत्तिको मूल्य: ३४०.३०	तरलता अनुपात सम्बन्धी विवरण: ०.४५	

२. **व्यवस्थापकीय विश्लेषण :**
(क) यस कम्पनीले आर्थिक वर्ष २०७८/७९ को चैत्र १० गाट व्यापारिक उत्पादन सुरू गरि नियमित रूपमा विद्युत बिक्री गर्दै आएकोले विद्युत बिक्री बापत प्राप्त हुनु पर्ने रकम नेपाल विद्युत प्राधिकरण मार्फत नियमित रूपमा कम्पनीले प्राप्त गर्दै आइरहेको छ।
(ख) आगामी अवधिमा पनि यस तल्लो तादी खोला जलविद्युत आयोजना ४७९.९३ मेघावाट को व्यवस्थापनको विश्लेषण गर्दै व्यवस्थायिक रूपले सक्षम तरिकावाट सञ्चालन गरि आधिकारिक विद्युत उत्पादन गरि नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने योजना रहेको छ।
(ग) कावुभन्दा बाहिरको परिस्थितिका कारण संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सोको निराकरण गर्न विमा लगायतको आवश्यक वित्तीय तथा अन्य व्यवस्था गराईने तर्फ कम्पनी सचेत रहेको छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**
हाल सम्म यस कम्पनीले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गराएको जानकारी प्राप्त भएको छैन। कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण :**
धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार नियमानुसार सामान्य प्रकृतिवाटै भएको छ। यस त्रैमासिक अवधिमा शेयर कारोवार निम्नानुसार भएको छ।

अधिकतम मूल्य	रू. ६०८.००	कुल कारोवार दिन	५६
न्यूनतम मूल्य	रू. ४६६.००	कुल कारोवार संख्या	१४,६५५
समीक्षा अवधिको अन्तिम मूल्य	रू. ४९७.६३	कुल कारोवार शेयर संख्या	१,८१५,३७९

५. **समस्या तथा चुनौती :**
संगठित संस्थाले वहन गर्नु परेको समस्या तथा चुनौती वजारमा रहेका अन्य सरह नै छन्। संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतीहरूलाई समय समयमा वस्ने संचालक समितिको बैठकले समीक्षा गरी सोको निराकरणको लागी आवश्यक कार्यान्वयन गर्ने छ।

६. **संस्थागत सुशासन :**
यस कम्पनीले संस्थागत सुशासन अभिवृद्धिका लागी सदैव उच्च प्राथमिकता राख्दै आएको छ। यस कम्पनीलाई नियमन निकायवाट प्राप्त निर्देशन परिपत्रहरू तदारूकताका साथ सम्पादन गरि आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायीत्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचीत निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाईएको छैन।

Invitation for Bids

Gokarneshwor Municipality
Office of Municipal Executive
Bagmati Province, Nepal
Jorpati, Kathmandu

Electronic Bids for the Procurement of Supply and Delivery of Sanitary Pads for Gokarneshwor Municipality.

Date of publication: 2082/01/23
Invitation for Bids No: **GOMUN/NCB/GOODS/081-82/04**

The Gokarneshwor Municipality invites electronic bids from eligible bidders for the procurement of ***following items*** under National competitive bidding – Single Stage Single Envelope procedures specified in public procurement act and regulations.

Descriptions	Quantity	Minimum Bid security amount
Supply and Delivery of Sanitary Pads for Gokarneshwor Municipality	32,076.00 Pkts	NRs. 70,000.00

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Gokarneshwor Municipality Jorpati, Kathmandu Mailing Address:- gokarneshwor2071@gmail.com Telephone:- 01-4914114, 01-4914115,*** or may visit PPMO websit www.bolpatra.gov.np/egp
2. Electronic Bidding document is available online and can be downloaded on or before 12:00 noon on 2082/02/22 for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders have to download the necessary part of bidding documents, prepare and submit their bids as specified in Instruction to Bidders.The bidder shall be required to deposit the non-refundable fee of **NRs. 3000.00** In the Revenue (Rajaswa) account as specified below and electronic scanned copy (pdf format) of Bank Deposit voucher shall also be submitted along with the electronic bid files.

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank : **Agricultural Development Bank, Jorpati, Kathmandu**
Name of Office : **Gokarneshwor Municipality**
Office Account no. : **0210801146156199**

4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 2082/02/22 . Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 on 2082/02/22*** at the office of ***Gokarneshwor Municipality Jorpati, Kathmandu***. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. ***70,000.00***, which shall be valid for 30 days beyond the validity period of the bid. (i.e. minimum of 120 days). The bid security shall be, at the Bidder's option, in any of the following forms:
   (a) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law or;
   (b) a cash deposit voucher in the Employer's Account as specified below:
   Name of the Bank : Agricultural Development Bank, Jorpati, Kathmandu.
   Name of Office : Gokarneshwor Municipality
   Dharauti Account no. : 0210801146156083
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Pre-bid meeting shall be held at ***Gokarneshwor Municipality, Office of Municipal Executive, Jorpati at 13:00 hours 2082/02/09.***
8. Bids should comply in all respects with the Instruction of Bidder included in the Bid Document. Noncompliance with this instruction will result in disqualification.
9. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com